# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क १८ पूर्णाङ्क ६७ २०७४ कात्तिक २० गते सोमबार Monday, November 6, 2017 पृष्ठ ८ मूल्य रु. १०।-

## महासचिव किरणद्वारा श्रद्धाञ्जली व्यक्त

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट सामना सांस्कृतिक परिवारका संयोजक असल पाख्रिनका पिता सन्चारमान पाख्रिनको असामयिक निधन भएको दुःखद घडीमा उहाँको पार्थिव शरिरमा पार्टीको झण्डा ओढाउदै क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य 'किरण'ले भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्नु भएको छ । उहाँले शोकसंन्तप्त परिवार तथा आफन्तजनप्रति हार्दिक समवेदना प्रकट गर्नु भएको छ ।

काभ्रे जिल्लाको खानीखोला गाउँपालिका-२ फलामेटार निवासी दिवंगत पाख्रिन पेटको आमाशयको क्यान्सरबाट पीडित हुनुहुन्थ्यो । उहाँको उपचारको क्रममा १५ कात्तिकमा बीर अस्पतालमा निधन भएको थियो । उहाँको अन्तिम संस्कार बौद्ध परम्परा अनुसार स्वयम्भूमा गरिएको छ ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सल्लाहकार नोखिराम विकको १३ औं पुण्य तिथीमा श्रद्धाञ्जली सभा दाङ सम्पन्न भएको छ । क्रान्तिकारी माओवादीका केस हिरामणि दुखी, देजमोका केस यमबहादुर शाहलगायतका नेताहरूले श्रद्धाञ्जली मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## संसदीय व्यवस्थाको विरुद्धमा देजमोका नेताहरूको उम्मेद्वारी

# 'मुठ्ठी' चिन्हमा मतदान गर्न जनसमुदायमा महासचिव वैद्यको अपील



● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । निर्वाचनको क्रान्तिकारी उपयोगको नीतिसहित स्थानीय निर्वाचनमा भाग लिएको नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको हकमा पनि उपयोगकै नीतिलाई निरन्तरता दिने निर्णय गरेसँगै मंसिर १० मा हुने पहिलो चरण र मंसिर २१ मा हुने दोस्रो चरणको निर्वाचनका लागि उत्साहजन र हस्तक्षेपपूर्ण रूपमा मोर्चाका नेताहरूले उम्मेदवारी दर्ता गराउनुभएको छ । कात्तिक ५ र १६ मा भएको उम्मेदवारी मनोनयनमा पार्टी तथा मोर्चाका जल्दाबल्दा युवाहरूको समेत उम्मेदवारी परेको छ । नयाँ जनवादी क्रान्तिको तयारीका लागि सांगठानिक आधार तयार पार्ने तथा क्रान्तिको पक्षमा जनमत निर्माण गर्ने उद्देश्य राखेर प्रतिक्रियावादी संसदीय व्यवस्था, सत्ता र संविधानको विरोध एवम् भण्डाफोरसहित निर्वाचनको उपयोगको कार्यनीति अँगालेको नेकपा (क्रान्तिकारी माओवादी)ले निर्वाचन उपयोगलाई लडाइँको अर्को रूप भएको बताउँदै आएको छ । कार्यनीतिलाई सफल रूपमा कार्यान्वयन गर्ने क्रममा पार्टीका प्रभावशाली युवाहरूलाई समेत मोर्चाको तर्फबाट उम्मेदवार बनाएको छ ।

**मोर्चाको कार्यालयसदस्यदेखि क्रान्तिकारी पत्रकारसम्मको उम्मेदवारी**

देजमोको केन्द्रीय कार्यालयले जनाए अनुसार मोर्चाका केन्द्रीय कार्यालय सदस्य केशरबहादुर गुरुङले प्युठानबाट उम्मेदवारी दिनुभएको छ भने पार्टीका केन्द्रीय सदस्य समेत रहेका धनेश्वर पोखरेल. धर्मराज पण्डितले पनि



देजमोको चुनाव चिन्ह

प्युठानबाटै उम्मदेवारी दिनुभएको छ । क्रान्तिकारी पत्रकार महासंघका पूर्व अध्यक्ष समेत रहेका नेता कुमार शाहले रोल्पाबाट उम्मेदवारी दिनुभएको छ भने लेखक, साहित्यकारको रूपमा परिचित हिरामणि दुःखीले पनि दाङबाट उम्मेदवारी दिनुभएको छ । यता अनेमसंघ (क्रान्तिकारी) की केन्द्रीय अध्यक्ष समेत रहनुभएकी लक्ष्मी मुड्भरीको नुवाकोटमा उम्मेदवारी परेको छ भने तमु राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष समेत रहनु भएका कृष्ण गुरुङले दैलेखबाट उम्मेदवारी दर्ता गराउनु भएको छ । त्यसैगरी काठमाडौंको ऐतिहासिक नगरी कीर्तिपुरबाट पार्टीका युवा नेता सुरेश श्रेष्ठलाई उम्मेदवार बनाइएको छ भने दलित मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष समेत रहनुभएका अमर परियारले उदयपुरबाट उम्मेदवारी दिनु भएको छ । उता तेह्रथुमबाट पार्टी केस केवी फुदोङको उम्मेदवारी परेको छ भने मोरङबाट जिल्लाका चर्चित युवा नेता सिताराम बुढाथोकीले उम्मेदवारी दिनु भएको छ ।

यता मिथिलाबाट पार्टीका केस समेत रहेका नेताहरू विदुर खरेलले सर्लाहीबाट, जितेन्द्र सिंहले सिरहाबाट र विरेन्द्र यादवले महोत्तरीबाट उम्मेदवारी दिनुभएको छ । त्यसैगरी जिल्लाका चर्चित युवा नेता नारायण अधिकारीले गोरखाबाट उम्मेदवारी दिनुभएको छ भने अर्का युवा नेता शिवसुन्दर शाहीले अछामबाट उम्मेदवारी दिनुभएको छ । यता पार्टी केस पूर्णबहादुर खड्काले दोलखा, दीलबहादुर घिसिङले मकवानपुर, डिल्लीराम बोहराले भोजपुरबाट उम्मेदवारी दर्ता गराउनु भएको छ । उता कपिलवस्तुबाट केस निरज केसीले उम्मेदवारी दिनुभएको छ । यता नवलपुरमा क्रान्तिकारी पत्रकार महासंघका उपाध्यक्ष नारायण पंगेनीको उम्मेदवारी परेको छ भने बर्दियामा महासंघकै कार्यालय सदस्य लोकराज जैसीले पनि उम्मेदवारी दिनुभएको छ । उता अखिल (क्रान्तिकारी)का उपाध्यक्षले इलामबाट उम्मेदवारी दिनुभएको छ भने महासचिवले गोरखाबाट दिनुभएको छ । *(हेर्नुस् सूचि पृ. ४मा)*

**'मुठ्ठी' चिन्हमा मतदान गर्न जनसमुदायमा महासचिव वैद्यको अपील**

यसैबीच, प्रतिक्रियावादी संसदीय व्यवस्थाको भण्डाफोर गर्ने र पार्टी तथा मोर्चाको संगठन विस्तारको आधार तयार पार्ने उद्देश्यमा आधारित रहेर गरिएको निर्वाचनको क्रान्तिकारी उपयोगको नीति अनुसार 'मुठ्ठी' चुनाव चिन्हमा मतदान गरी देशभ्क्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरूलाई विजयी गराउन जनसमुदायका नाममा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले सार्वजनिक अपील जारी गर्नुभएको छ ।

महासचिव किरणले जारी गरेको अपीलमा देजमो राष्ट्रिय स्वाधीनताको रक्षा, संघीय जनतणतन्त्रको स्थापना र जनजीविकाको पक्षमा दृढतापूर्वक उभिएको स्पष्ट पार्दै आम जनसमुदायसित देजमोका उम्मेदवाहरूको पक्षमा मतदान गर्न हार्दिक अनुरोध गर्नुभएको छ । (हेर्नुस अपीलको पूर्णपाठ पृ. ३ मा)

**देजमोको उम्मेदवारी संसदवादीहरूका लागि चुनौतीपूर्ण**

आफूलाई निर्विकल्प सावित गर्दै आएका र गठबन्धन बनाएर आफूलाई सुरक्षित बनाएको महसुस गरिरहेका कांग्रेस, एमाले र *...बाँकी ७ पेजमा*

## क्रान्तिकारी माओवादीले अक्टोबर क्रान्तिको शतबार्षिकी मनाउने

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले नयाँ क्यालेण्डर अनुसार नोभेम्बर ७ मा पर्ने अक्टोबर क्रान्तिको सत्बार्षिकी नोभेम्बर ७ अर्थात् कात्तिक २१ गते मनाउने भएको छ । पार्टीको ३ नं. प्रदेशको आयोजनामा संवाद डवलीमा उक्त कार्यक्रम गर्न लागिएको क्रान्तिकारी माओवादीको ३ नं. प्रदेश कार्यालयले जनाएको छ । उक्त कार्यक्रममा पार्टी महासचिव मोहन वैद्य'किरण', बरिष्ठ नेताहरू सीपी गजुरेल, रामसिंह श्रीसलगायतका नेताहरूको उपस्थिति रहने बताइएको छ ।

यसैबीच, जनकपुरमा वामपन्थी लेखक तथा चिन्तक रोशन जनकपुरीको संयोजकत्वमा अक्टोबर क्रान्ति शतवार्षिकी समारोह समिति निर्माण गरिएको छ । समारोह समितिका अन्य सदस्यहरूमा गौतम ढुङ्गेल, शीतल कर्ण, रेमन्त मरबैता, रामसोभित यादव, सुमित कर्ण, मदन कुमार अधिकारी, विपती मण्डल, शम्भुप्रसाद यादव , सरिता भण्डारी, उमेशकुमार यादव रहनुभएको र सो समितिको सल्लाहकार समितिमा डा. सुरेन्द्र लाभ, डा. भोगेन्द्र झा, वीरेन्द्र साह, र अधिवक्ता किशोरी साह रहनुभएको छ ।

भेलाले कात्तिक २३ गते (९ नोवेम्बर) का दिन जनकपुरको पत्रकार महासङ्घको सभाकक्षामा अक्टोबर क्रान्ति शतवार्षिकी समारोह मनाउने निर्णय गरेको छ ।

## एमाले र माके परित्याग गरी क्रान्तिकारी माओवादीमा ध्रुवीकृत





मकवानपुर । नेकपा (क्रान्तिकारी माओवादी)को आयोजनामा मकवानपुरमा क्रान्तिकारी ध्रुवीकरण भएको छ । शनिबार माके सम्बद्ध गोपिलाल घलानको नेतृत्वमा २४ जना युवाहरू माके परित्याग गरी क्रान्तिकारी माओवादीमा ध्रुवीकृत भएको क्रान्तिकारी *...बाँकी ८ पेजमा*

## नयाँ अन्तर्राष्ट्रिय केन्द्र निर्माणमा इटली माओवादी पार्टीको जोड




● **एजेन्सी**

रसियाली अक्टोबर क्रान्तिको शतवार्षिकीका सन्दर्भमा माओवादी पार्टी इटालीले 'अक्टोबर क्रान्तिको शतवार्षिकीको अवसरलाई क्रान्तिकारीहरूको नयाँ अन्तर र्राष्ट्रिय केन्द्र निर्माणको अभियानमा लगाऔं' भन्ने नाराका साथ वक्तव्य प्रकाशित गरेको छ । वक्तव्यमा भनिएको *...बाँकी ८ पेजमा*

## वाम गठबन्धन, चुनाव र राष्ट्रियता रक्षाको प्रश्न

यतिखेर देशमा प्रतिक्रियावादी संविधानअन्तर्गत प्रदेश र केन्द्र दुवैको चुनावको रौनक चलिरहेको छ । त्यही चुनावको आमुखमा 'वाम' र 'लोकतान्त्रिक' गठबन्धन पनि बनेका छन् । एकले अर्कालाई कसरी पछार्ने र सत्तामा पुग्ने भन्ने स्वार्थअनुरूप यी गठबन्धन भएका हुन् । अझ 'वाम'भित्र त माके र एमाले दुवै चुनावपछि एकता गर्ने वाचासहित गठबन्धन गर्न पुगेका छन् । के हो यो वाम गठबन्धन ? चुनावकै मुखमा दुई फरक धारका, एकले अर्कालाई सरापेर नथाक्ने, विचारमा फरक छौ भनेर प्रचार गर्ने र परस्पर कटाक्ष र छिर्के हानेर सत्तामा पुग्ने दुई पार्टी एकाएक एक हप्ताभित्र कसरी जोल्टिन पुगे आश्चर्य लाग्दो र चामत्कारिक दुवै छ । राजनीतिमा चमत्कार भन्ने नै हुँदैन । गठबन्धन त निश्चित प्रवृत्ति, विचार, सिद्धान्त र दर्शनबाट प्रेरित शक्ति हुन्छ । विज्ञानले पनि कुनै कुरालाई एकाएक हुने मान्दैन । नयाँ कुरा घटित हुन त्यसको बिऊ अतीतमै रोपिएको हुन्छ नयाँ घटना, परिघटना त्यसैको परिणाम वा निष्कर्ष मात्रै हुने गर्छ । शून्यबाट एक्कासी नयाँ परिणाम निस्कनै सक्दैन र शून्य वस्तुतः विज्ञानका दृष्टिमा हुँदै हुँदैन । (व्यावहारिक प्रयोजन बाहेक) । यसरी हेर्दा माके-एमाले जोल्टिन पुग्नुका पछाडि उनका प्रवृत्ति, चरित्र, विचार, सिद्धान्त, दर्शन सबैको मेल नै मुख्य कारण हो । दुवै संसद्वादी-सुधारवादी पार्टी हुन् । दुवै वैदेशिक शक्तिबाट निर्देशित छन् । दुवैले यही संविधान र यही व्यवस्था मान्छन् । दुवैले दलाल पुँजीपतिको एकाधिकारलाई नेपाली अर्थव्यवस्थामा स्वीकारेका छन् । दुवै दक्षिणपन्थी अवसरवादी चरित्रका छन् । दुवैले आ-आफ्ना आधारभूत मूल्य र सिद्धान्त त्यागेर प्रतिक्रियावादीकरण गरेका छन् । दुवै भारतीय विस्तारवादबाट पालित-पोषित हुन लालयित छन् । दुवैले देशका नदीनाला, प्राकृतिक स्रोत, साधन भारतलाई सुम्पिने, दिल्लीधाम पुगेर आशीर्वाद लिने र देशघाती काममा सहमति गर्ने गर्दै आएका छन् र दुवै देश र जनताप्रति होइन आफ्नो स्वार्थ, हित, नाफामा केन्द्रित हुँदै सत्ताको सुख लिन जस्तो सुकै अनैतिक कुकर्म गर्न पनि तयार हुन्छन् । दुवैमा धूर्तता, कपट, छल, झुटोपन, बेइमानी, द्रव्यधूर्त, (द्रव्यपिचास) प्रवृत्ति कुटाकुट गरेर भरिएको छ । दुवै भ्रष्टाचारका अनुयायी छन्, लूट खसोट, तस्करी, बेइमानी, घुस, कमिसन, माफियाकरण, गुण्डागर्दी, चुसुवा प्रवृत्तिमा पनि दुबै समान छन् । दुवैमा राष्ट्रिय चिन्तन, जनउत्तरदायित्व, स्वाभिमान, इमान्दारिता *...बाँकी ८ पेजमा*

*दुवैमा राष्ट्रिय चिन्तन, जनउत्तरदायित्व, स्वाभिमान, इमान्दारिता भन्ने चिज छैन । जसरी हुन्छ, देशलाई लूट, सुखभोग गर, विलास र आनन्द प्राप्त गर, भन्ने उपभोक्तावादी चरित्र पूर्ण हावी छ । देश र जनताको पीडा र वेदना, समस्या र जटिलता, अभाव र गरिबीसँग कुनै संवेदना छैन ।*



● ईश्वरचन्द्र ज्ञवाली

## सम्पादकीय

# संसदीय व्यवस्थाको विकल्प

नेपालमा २०१६ साल असार १६ गतेदेखि संसदीय शासन प्रणाली सुरु भयो । २०१७ पुस १ गते तत्कालीन राजा महेन्द्रले संसदीय व्यवस्था खारेज गरी निरंकुश पञ्चायती व्यवस्था लादे । २०४६ सालको जनआन्दोलनपछि नेपालले बेलायतको वेस्ट मिनिस्टर प्रणाली जस्तो संसदीय प्रणाली अङ्गीकार गऱ्यो । संसारभर असफलसिद्ध भइसकेको यो प्रणाली नेपालका जबर्जस्त लाद्न खोजियो । मुलुकमा अस्थिरता, वैदेशिक चलखेल र भ्रष्टाचारको अखडा संसदीय व्यवस्था बन्दै आयो ।

२०१६ सालदेखि बहुदल हुँदै अहिलेसम्मका शासकहरूले राष्ट्रघात र जनाघातका चाङ लगाएका छन् । सत्तामा जान लुछाचुँडी गर्ने, सत्तामा गइसकेपछि भ्रष्टाचार गर्न र त्यसबाट बच्न अनेक तिकडम गर्ने कार्य तिनीहरूले गर्दै आएका छन् । उनीहरूले व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र सुरक्षा निकायमा सेट मिलाएर राज्य लुटिरहेका हुन्छन् । तर जनताले उनीहरूका राष्ट्रविरोधी र जनविरोधी क्रियाकलाप बुझ्न सकिरहेका हुँदैनन् ।

अहिलेसम्म आलो-पालो सत्ता-राजनीतिको नेतृत्व सम्हालेका शासकहरूले देशमा भ्रष्टाचार र आर्थिक अनियमिततालाई संस्थागत रूपमा विकास गरेका छन् । भ्रष्टाचार सम्बन्धी अध्ययन अनुसन्धान गर्ने अर्न्तराष्ट्रिय संघसंस्थाहरूका अनुसार नेपाल विश्वमा धेरै भ्रष्टाचार हुने देशहरू मध्येमा नै पर्दछ । दक्षिण एशियामा अफगानिस्तान पछि अति भ्रष्ट देशका रूपमा नेपाल दर्ज भएको छ । भ्रष्टाचार गर्नमा राज्यका सबै अंगहरू (संसद, सरकार र अदालत) र सबै संयन्त्रहरू (संवैधानिक निकाय, कर्मचारीतन्त्र र सुरक्षा निकायहरू) बदनाम भएका छन् । त्यसैगरी पूर्व विशिष्ट पदाधिकारीका नाममा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र प्रधान न्यायाधीशलाई सेवा निवृत भएपछि राज्यकोषबाट व्यापक सेवा सुबिधा प्रदान गर्ने कानुन नै बनाइएको छ । कमिशन, विचौलिया, माफियातन्त्र हदैसम्म हावी हुन पुगेको छ ।

अहिले नेपालमा कायम भएको गणतन्त्रात्मक व्यवस्था भनेको विकृत पूँजीवादी गणतन्त्र हो । निरंकुश सामन्ती राजतन्त्रको तुलनामा यो व्यवस्था मात्रात्मकरूपले प्रगतिशील नै हो । तर पनि देशमा अहिले प्रतिकृयावादी संसदवादी तत्वहरूको अधिनायकत्व र हालीमुहाली चलिरहेको छ । त्यसैले यसप्रकारको पूँजीवादी गणतन्त्रात्मक व्यवस्था कायम भएपछि पनि नेपाली समाजको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थामा आधार भूतरूपले तात्विक परिवर्तन एवं फेरबदल भएको छैन । अहिले पनि देशको आर्थिक-सामाजिक अवस्था अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक तथा नव औपनिवेशिक अवस्थाबाट गुज्रदैं गएको छ । त्यसमाथि नवऔपनिवेशिक अवस्था प्रचुररूपमा हावी हुँदै गएको छ । राज्यको केन्द्रीय सत्ता-दलाल, नोकरशाह र सामन्त वर्गकै कब्जामा रहेको छ । उनीहरूले आफ्नो स्वार्थ पूरा गर्न र सत्ता टिकाउन साम्राज्यवाद र एकाधिकार पूँजीवादद्वारा संरक्षित र निर्देशित नवउदारवादी नीतिलाई शिरोधार्य गरी अवलम्बन गरेका छन् । देशको सार्वभौमिकता र स्वाधीनतालाई तिलाञ्जली दिंदै आएका छन् ।

पैसा हुनेले चुनाव जित्ने र राज्य दोहन गर्ने परिपाटी संसदवादी राजनीतिक दलहरूले बसालेका छन् । स्थानीय तहमा पनि करोडौं खर्चेर पैसा हुनेले नै चुनाव जितेका छन् । प्रतिनिधिसभा र प्रदेशसभामा पनि पैसा हुनेले नै टिकट पाएका छन् । कि त नेताका नातागोता कि त चाँकडीबाजहरूले । सामाजिक रूपमा जतिसुकै भ्रष्ट, अनैतिक, बद्‌मास भएपनि उनीहरूले टिकट पाएका छन्- यहाँसम्म कि गुण्डा नाइकेदेखि तस्करसम्म, भ्रष्टाचारीदेखि माफियासम्म अहिलेको निर्वाचनमा उम्मेदवार बनेका छन् ।

सहकारीका नाममा वित्तीय संस्था खोलेर उत्पात मच्चाएकाहरू चुनाव जितेर संसदमा गएपछि आफूनुकूलको सहकारी ऐन बनाउँछन् । बैङ्कको ठगीमा निर्लिप्तहरू तथाकथित बैंकरहरू आफ्नो स्वार्थनुकूल बैङ्किङ ऐन बनाउँछन्, निजी शिक्षण संस्थाका माफिया र लुटेराहरू शिक्षा आफ्नै स्वार्थनुकूल ऐन बनाउँछन् । त्यस्तै जग्गाका दलालहरू, नेपाली युवाहरूको तस्करी गर्ने मेनपावर संचालकहरू पनि आफूलाई फाइदा हुने नियम कानुन बनाउँछन् । दलाल पुँजीपतिहरू पनि आफ्नै हात माथि पार्नेगरी कानुन बनाउन करोडौं खर्चेर अहिले उम्मेदवार बनेका छन् ।

संसदीय प्रणाली भनेको सीमित व्यक्तिले मनी र मसलको प्रयोग गर्दै चुनाव जित्ने प्रणाली हो । यसमा सङ्गठन, राजनीति र विचारको आधारमा चुनाव चित्ने सम्भावना अत्यन्त न्यून हुन्छ । ती नैतिकवान मान्छेहरूको सुनवाइ संसदमा पनि हुँदैन । ती मान्छे सरकारमा गए भने पनि उनीहरूको सुनावइ हुँदैन । त्यसैले संसदीय प्रणालीमा अल्पसङ्ख्यकले बहुसङ्ख्यकमाथि प्रजातन्त्रको नाममा शासन गर्ने हो । त्यसैले यो प्रणालीले बहुसङ्ख्यक जनताको हित गर्न सक्दैन । कतिपय सन्दर्भमा यो प्रणालीले राष्ट्रियता, सार्वभौमसत्तासमेत जोगाउन सक्दैन । चुनाव जित्न, सत्तामा जान कतिपय नेताहरूले देशको राष्ट्रियता सार्वभौमसत्ता अखण्डतामा समेत सौदेवाजी गर्छन्, गर्दै आएका छन् ।

यसर्थ, संसदीय व्यवस्था, सत्ता र संविधानको विकल्पको खोजी जनताले गर्दै आएका छन् । नयाँ जनवादी गणतन्त्रात्मक राज्यव्यवस्थाले मात्रै आम श्रमजीवि, शोषित, उत्पीडित बहुसंख्यक जनसमुदायको हित गर्नेछ । त्यसका लागि नयाँ जनवादी क्रान्तिको अपरिहार्यता । जनतालाई यही यथार्थबोध गराउन र नयाँ जनवादी क्रान्तिका निम्ति सांगठानिक आधार तयार पार्ने उद्देश्य राखेर नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल निर्वाचनको क्रान्तिकारी उपयोगको नीतिअनुसार 'मुठ्ठी' चुनाव चिन्ह लिएर चुनावी मैदानमा उत्रिएको छ । संसदीय व्यवस्थाको विकल्प खोजिरहेका जनताले देजमोको चुनाव चिन्ह 'मुठ्ठी' मा मतदान गरेर आफ्नो मताधिकारको सही सदुपायोग गर्ने अपेक्षा सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूको छ ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।

www.moolbato.com


# 'वाम ध्रुवीकरण' कि बहुराष्ट्रिय सपिङ मल ?



● कुमार शाह ●

एमाले र माओवादी केन्द्रबीच चुनावी सहकार्य र चुनावपछि पार्टी एकता गर्ने भन्ने सामान्य समझदारीले आफूलाई वाम भन्नेहरूमाझ विचलनको अन्तिम हुरी ल्याएको छ । आश्चर्यको कुरा त के छ भने 'वाम ध्रुवीकरण'को आकर्षक फेशनको रूपमा यो नेपाली राजनीतिक बजारमा भित्रिएको छ । नयाँ नयाँ लाग्ने फेशन लगाउँदा आकर्षक पनि देखिने र लाज पनि छोपिने यो 'फेशन शो'को मोडलिङ गर्ने होडबाजीमा वाम भन्नेहरू नै छन् । ती वाम भन्नेहरू एमाले र माओवादी केन्द्र जस्ता मोडलहरूलाई पछ्याउँदै र 'एकता' पनि गर्दै हिंडेका छन् । यो प्रक्रिया र प्रचारबाजीले नेपाली राजनीतिमा 'बाम फेशन कलेक्शन'को बहुराष्ट्रिय शपिङ मल खडा हुन थालेको आभाष जनतामाझ पुगेको छ ।

आजका दिनसम्म कसैले पनि यो 'वाम फेशन' कसले, किन र के प्रयोजनका लागि डिजाइन गऱ्यो त भनी प्रश्न भने गरेका छैनन् । बरु कुहिरोको काग झैं निकै अलमलिंदै भ्रमको बाटो विचरण गर्न तछाडमछाडमा लिप्त छन् । कोही विशेषज्ञहरू ट्वाल्ल परेर रमिता हेर्दै तमासे बनेका छन् । 'त्यसै त जोगी, त्यसमाथि भाङ खाएका' भने झैं उनीहरू कार्य र कारणबीचको सम्बन्धलाई नियाल्न सकिरहेका छैनन् ।

कसले गऱ्यो यो वाम एकता नामक डिजाइन ? नेपाली काङ्ग्रेसको काँखमा टाउको वा शिरान र एमालेको काँखमा खुट्टा वा गोऱ्यान बनाएर निकै बाग्चाल बनेको माओवादी केन्द्र नै हो त यसको डिजाइनर ?! वा, केवल स्वरूपमा दिल्लीविरोधी देखिएको एमाले हो ? धेरैको हावादारी अनुमान के पनि रहेको छ भने 'चीनले वाम एकता गरायो' । थप गाइँयगुइँय यो पनि चल्ने गरेको छ कि 'अब नेपालमा सदाका लागि भारतविरोधी वाम सरकार बन्छ' ।

कार्ल मार्क्सले त्यसै भनेका छैनन् कि जुन समयमा जुन वर्ग सत्तामा हुन्छ, त्यो वर्ग वा शासक सैन्य बल, कूट र तिकडमले मात्र सत्तामा अडेको हुँदैन, बरु त्यो वुद्धिले पनि श्रेष्ठ हुन्छ । अहिलेको नेपालमा जनताको जनगणतान्त्रिक व्यवस्था स्थापना हुन नसकी ठूलो धक्का खाएपछि त्यसको ठाउँमा दलाल पुँजीवादी शासन व्यवस्था बलियो भएर आएको छ । नेपाली शासक वा शासन गर्ने नेताहरू विशेषतः काङ्ग्रेस, एमाले र माओवादी केन्द्रलगायत तराइका जमिन्दार नेताहरू विदेशी शक्तिराष्ट्रका चम्चा वा दलालका रूपमा उभिन पुगेका छन् । यी दलालहरूलाई चलाउने शासक निकै बाठो र श्रेष्ठ पनि छ यी दलालहरूभन्दा । कार्ल मार्क्सका भनाइ यस अर्थमा सही छन् । नेपालको 'वाम गठबन्धन' र 'प्रजातान्त्रिक गठबन्धन' यी विदेशी शासकहरूका दिमागी उपज र त्यसको नेपाली भूमिमा प्रयोगका अभिव्यक्ति मात्र हुन् । यो न त प्रचण्डको 'चमत्कार' हो, न त केपी ओलीको भारतविरोधी अभियान नै ।

नेपालको भूराजनीतिक अवस्थितिका कारण भारत र चीन जस्ता छिमेकी शक्ति राष्ट्रहरूले नेपालको घरेलु शासन व्यवस्थामा ठूलो प्रभाव पारिरहेका छन् । अहिले नेपालमा विदेशी शक्ति र त्यसमा पनि मुख्यरूपमा दिल्लीका शासक र तिनका नेपाली चम्चा बनेका ठूला दलका नेता भन्नेहरूको बिगबिगी छ । त्यसैले नेपाली राजनीतिक वृत्तमा हुने हरेक हेरफेरमा जनसामान्य समेत् अडकल गर्न पुग्छन् कि सरकार बनाउने वा ढलाउने, चुनावमा जिताउने वा हराउने वा कसैलाई जुटाउने वा फुटाउने विदेशी शक्ति वा दिल्लीले गर्छ ।

नेपालमा खडा हुन थालेको 'वाम ध्रुवीकरण'को हल्लाखल्लामा मुख्यतः दिल्लीको हात रहन्छ । हालका भारतीय शासक नरेन्द्र मोदीलाई लागेको देखिन्छ कि चीन र भारत बीच 'बफर जोन'को रूपमा रहेको छिमेकी देश नेपालमा कार्यनीतिक कदमहरू भन्दा बढि रणनीतिक कदमहरू फाइदाजनक हुनसक्छन् होला । भारतको नेहरू वा गान्धी विरासत बोकेको तत्कालीन भारतीय काङ्ग्रेस आईको काम भनेको कुटोले खन्दै सिमाना मिच्नु र जङ्गे पिलर सारेर नेपाली भूभागको अतिक्रमण गर्नु थियो । यो तत्कालीन भारतीय काङ्ग्रेस आईको सामन्तवादी चिन्तनमा अडेको बढि कार्यनीतिक सोचको उपज थियो । तर भारतीय जनता पार्टीका मोदी भने नवऔपनिवेशिक कला प्रयोग गरी नेपालबाट रणनीतिक फाइदा बढि लिने दाउँमा देखिन्छन् । दिल्लीले पलपलमा नेपालमाथि आफ्नो सामरिक तथा रणनीतिक 'इन्ट्रेष्ट' रहेको मत खुल्लमखुल्ला राख्ने गरेको छ । त्यसैले भारतीय काङ्ग्रेस आईको 'माइक्रो म्यानेजमेन्ट'को विरासतमा मोदी 'डेमोग्राफिक डिप्लोमेसी' अर्थात् जनसाङ्खिक कुटनीतिको नवऔपनिवेशिक अभ्यासमा जुटेका छन् ।

अर्कोतिर, नेपालको छिमेकी र भारतको प्रतिस्पर्धी वा 'दुश्मन' को रूपमा रहेको उदाउँदो महाशक्ति चीन बढि रणनीतिक दाउँपेचमा लागिपरेको नै देखिन्छ । नेपाली अनुहारमा प्रकट भएका भारतीय दलाल नेता तथा शासकहरूलाई 'माइक्रो म्यानेजमेन्ट' मार्फत् तह लगाए पनि भौगोलिक अवस्थितिका कारण 'बफर जोन' को रूपमा रहेको नेपाल मार्फत् चीनसँगको सम्बन्ध सन्तुलनलाई दिल्लीले रणनीतिक कदमहरू अघि बढाएर कायम गर्न खोजेको देखिन्छ । चीनले अघि सारेको रणनीतिक महत्व बोकेको 'एक क्षेत्र, एक बाटो' वा सिल्क रोडको अवधारणालाई कार्यान्वयनको स्तरमा ल्याएर कार्यनीतिक कदमका रूपमा अघि बढाएको छ । सुन्दा निकै विकासवादी खालको तर विश्वव्यापी प्रभाव विस्तार गर्ने यो चिनियाँ कदमलाई रोक्न मोदीले नेपाली भूधरातल र नेपाली राजनीतिक परिवेश प्रयोग गरी निकै चातुर्यताका साथ बेइजिङसँग लुकामारी खेल्न चाहिरहेका देखिन्छ ।

नेपाली राजनीतिक रङ्गमञ्चमा मोदीले नयाँ नयाँ प्रयोग गरिरहेका छन् । उनले झ्वाट्ट हेर्दा अलि केही वाम गन्ध आउने केपी ओलीको सरकारबाट आफ्नो विश्वासपात्र प्रचण्डलाई निकालेर काङ्ग्रेसी गठबन्धनको सरकार निर्माण पनि गरे । तर सिल्क रोड विस्तारको सन्दर्भमा भूटानको दोक्लाममा चिनियाँ सेनाद्वारा भारतीय सेनालाई दिएको मुक्काको सन्देशले दिल्लीलाई पूर्वसोंचमा पुनर्विचार गर्ने बनाएको छ ।

त्यसैले दिल्लीले सामरिक तथा रणनीतिक फाइदातिर हात अघि बढाउन थालेको छ । नेपालमा माइक्रो म्यानेजमेन्टका खुद्रा कामहरू गर्दा रणनीतिक महत्वका थोक कामहरूमा गडबडी नआओस् भनेर ऊ सतर्क हुँदै गएको देखिन्छ । साथै, चीनको सिल्क रोडको अभियानलाई कसरी रोक्ने भनी कदम चाल्न थालेको आभाष पनि पाइन्छ ।

दिल्लीमा आफ्नो नेतृत्वमा सरकार गठन गर्दाको सुरुका चरणमा मोदीले चीनसँग बुलेट ट्रेनको प्रविधि भातमा भित्र्याउने घोषणा गरेका थिए । साथै रअको स्थानमा साउथ ब्लक पुनर्स्थापनामा जोड दिएका पनि थिए । तर काल क्रमले उनलाई सहज रूपमा त्यसो गर्न दिएन । पश्चिमा राष्ट्रहरूले भारतको हरियाणा राज्य, जहाँ राजधानी शहर दिल्ली पर्दछ, त्यहाँ अरविन्द केजरीवालको पार्टीलाई विजय हुन मद्दत गरे र मोदीको भाजपालाई हराइदिए । मोदीलाई दिल्लीका जनताको त्यति बढि साथ रहेको पनि देखिएन । यसले दिल्लीमा चीन विरोधी भावना प्रवल रहेको देखाउँछ । यी घरेलु परिघटनाहरूले उनलाई ठूलो पाठ सिकाएको हुनुपर्छ ।

बाह्य रूपमा, पछिल्लो चरणमा आएर भुटानको दोक्लाममा चिनियाँ सेनासँग भएको सैन्य मुक्कामुक्की, जापानसँग बुलेट ट्रेन प्रविधिको माग र नेपालमा केपी ओलीको सरकारविरुद्ध दिल्ली आफैले चालेको कदम मोदीका लागि पछिल्ला र जीवन्त पाठ भएका हुन सक्छन् । पहिलो कुरा, उनले महङ्गो मूल्य तिरेर जापानसँग गरेको बुलेट ट्रेन प्रविधिको खरिदको घोषणा गरे लगत्तै चीनले पाकिस्तानमा निशुल्क बुलेट ट्रेन प्रविधि ट्रेनमार्ग निर्माणसहित उपलब्ध गराउने भएको छ ।

दोस्रो कुरा, भुटानको दोक्लाममा भारतीय सेनाको सशस्त्र उपस्थिति छ । तर नेपालमा भने त्यस्तो अवस्था छैन । नेपालमा चीन र नेपाल सरकारबीच भएको सम्झौता अनुरूप चीनले सिल्करोड ...बाँकी ८ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# खाम र हाम गठबन्धन

स्थानीयमा चुनाउमा भएका गठबन्धनहरू यसपटकको चुनाउमा बदलिए । 'ओल्लो घरको नरे पल्लो घरमा सरे' भनेझैं गठबन्धनका दाम्ला एकबाट अर्कोमा सरेका हुन् । नेपाल मण्डलका लाउके दलका लाउके नेताहरूलाई चुनाउमा हारिने ठूलो डर छ । त्यसैले उनीहरूले बिभिन्न प्रकारका गठबन्धनका दाम्ला बाटेका हुन् । कसैले बामपन्थे दाम्लो बाटे भने कसैले लोकतन्त्रे दाम्लो । दाम्लो बाटेर पनि उनीहरू हाइसञ्च हुन सकेनन् । महिला, लाठे तन्नेरी र गाँठ नभएकाहरूलाई उठाउँदा पनि हारिने डर भएकाले आजिवन सत्ताको भत्ता डकारेर पिण्ड खाने उमेर पुगेकाहरू नै चुनाउमा नारिएका हुन् ।

दाम्लोको काम पशुलाई बाँध्ने हो । पशुलाई छाडा छोड्यो भने स्वतन्त्र हुन्छ र मनपरि गरेर मनुखे समाजलाई सताउँछ । मनुखेको जात पशुको भन्दा उच्च भएकाले मनुखेले पशुलाई आफ्नो अधिनमा राखेर उसको दोहन गर्छ । त्यसै गरेर ठूला दलका लाउके नेता पनि आआफ्ना तल्ला तहका हनुमान कार्यकर्ता र रैतीहरू भन्दा माथिल्लो बुद्धि भएकाले उनीहरूलाई दाम्लोमा बाँधेर आफ्नो बाटोमा खुरुखुरु हिँडाउन सजिलो होस् भनेर गठबन्धने दाम्लो बाट्नु परेको हो । स्थानीय चुनाउमा बाटेको दाम्लोले लाउकेहरूको स्वार्थ पूर्ति नभएकाले दाम्लो सार्नु परेको हो ।

यो गठबन्धने दाम्लोको अविष्कारक नेकपा माके (हाल नेकपा साठी-चालिसका चालिसे भागवाला)का मुखिया मिस्टर सुप्रिमो हुन् । जनयुद्धलाई दिल्लीतिरै बाहूबुँदे पुराण लगाई साङ्गयता गरेर आएदेखि नै उनले दाम्लो बाट्ने कार्यको थालनी गरेका हुन् । उताबाट आएपछि सातदले गोठमा आफ्नो दाम्लो मिसाए र नयाँ लोकतन्त्रे दाम्लो बाटे । अघिल्लो संविधानसभाको चुनाउमै पनि चुनावी दाम्लो बाट्न खोज्दा गोर्खाली काजीसाव भागेका थिए । पछि माओवादी आफैँले पनि नसोचेको नतिजा चुनाउमा पाएपछि काजीसावसमेत हौसिएर अब राम्रैसँग मिठोमिठो घाँस खान पाइने पक्कापक्की भएपछि स्थाई रूपमै दाम्लोमा नारिन आए । त्यस यता उनी सुप्रिमोकै बलिया हनुमान बनेर एउटै थलोमा घाँस हसुरी रहेका छन् । यसरी दाम्लो बाट्ने कार्यमा सफलता पाउँदै गएपछि समयानुकूल दाम्लो बाट्ने कार्य गरेर सुप्रिमोपथलाई सार्थक बनाइराखेका छन् ।

एकपटक उनले पत्रकारसँगको कुराकानीमा आफूलाई लेनिनजस्तै भएको बताएका थिए । लेनिनले देशकाल परिस्थिति अनुसार ठोस परिस्थितिको ठोस विश्लेषण गर्नु पर्छ भनेका थिए । त्यसैले मिस्टर सुप्रिमोले लेनिनको यो भनाइलाई टपक्क टिपेर आफ्नो अनुकूलतामा प्रयोग गरिरहेका छन् । जनयुद्धलाई कसरी सेलाउने भन्ने चिन्तामा परेका बेला बाहूबुँदे पुराण लगाएर लोकतन्त्रे गठबन्धनको दाम्लो बाट्ने सुद्धि फिऱ्यो । त्यसपछि अघिल्लो संविधानसभा आफ्नो पकडबाट फुस्किन थालेपछि त्यसलाई विघटन गराएर दोस्रो चुनाउको दाम्लो बाट्न खिलराजे दाम्लो प्रयोग गरे । संविधान लेख्न चारदले गठबन्धनको दाम्लो बाटे र पूरा गरे । त्यसपछि स्थानीय चुनाउमा चारतारेसँग गठबन्धनको दाम्लो बाटे । त्यसले आफ्नी पुत्रीलाई चुनाउमा निकै सकसका साथ कोमाबाट बल्लतल्ल ब्युँताएर जिताउन सफलता त मिल्यो, त्यस बाहेक अरू उपलब्धी दिलाउन सकेन । अघिल्लो गठबन्धनकै दाम्लोमा बाँधिइरहँदा यसपटकको चुनाउमा आफैं कोमामा पर्ने खतरा देखेपछि दाम्लो सार्ने उपाय तुरुन्त खोजिहाले । यसरी दाम्लो सार्दा बामपन्थे गठबन्धनको दाम्लो तयार भएको हो ।

यता बामपन्थे दाम्लो तयार भएपछि आफ्नो दाम्लो चुँडाएर मिस्टर सुप्रिमोले धोका दिएको भन्दै चारतारेले पनि तुरुन्त नयाँ लोकतन्त्रे दाम्लो बाट्यो । यी दुबै दाम्लोको मुख्य उद्देश्य भनेको खाम र हामका लागि दाम्लो बलियो बनाउनु हो । तसर्थ यी दुबै तर्फका गठबन्धनलाई खाम गठबन्धन या हाम गठबन्धन पनि भन्न सकिन्छ । खाम र हामको स्पष्ट प्रमाणहरू छन् । एउटा प्युठानी चुनाउ पनि हो । मार्क्सवादका धर्मगुरु प्युठानी सिँहले यसलाई पारदर्शी बनाएका छन् । आफ्ना बफादार हनुमान उखानबहादुरले सहिछाप ठोकेको संविधानले आफ्नो दललाई यो चुनाउबाट रछ्यानमा मिल्काइदिने भएपछि त्यसबाट आतङ्कित बनेका सिँहले आफ्नी बघिनीलाई जिताउन गठबन्धने दाम्लोमा नारिए । अर्को हिज रातीको विविसि रेडियोमा निकै दुःखका साथ आँशु झार्दै सूर्यछाप दलका दोस्रा नम्बरका लाउके नेताले गाँठ नभएकै कारण म चुनाउमा उठिन भनेर पृथ्वीमण्डलकै मनुखेसामू किटानी बयान दिए । उता चारतारेसँगको गठबन्धनले स्थानीय चुनाउमा आफ्नी पुत्रीलाई कोमामा पुऱ्याएपछि दुईजना बफादार सिपाही प्रयोग गरेर चुनाउ इधरउधर पारेर र अदालत गुहारेर भए पनि बल्लतल्ल कोमाबाट ब्युँताउन सफल भएको दुःखद घटनाले गर्दा मिस्टर सुप्रिमोले यसपटक गठबन्धनको दाम्लो सार्न पुगेको कुरा पनि घाम जत्तिकै पारदर्शी छ । दुबैतर्फ बराबर अवस्थाका गठबन्धने दाम्ला बाटिएपछि पनि लाउकेहरूलाई हाइसञ्चसँग चुनाउ जित्न सकिनेमा विश्वास भएन । तसर्थ चुनाउमा महिला, तन्नेरी र गोजीमा गाँठ नभएका लुतेलाम्रेहरूलाई मैदानमा उतार्न सकस पऱ्यो । जसरी हुन्छ साम, दाम, दण्ड भेद प्रयोग गर्न सक्ने पुराना र गाँठ भएकाहरूलाई नै पिण्ड खान तयारी अवस्थामै रहेका भएपनि तिनैलाई टिकेट दिनुपर्ने बाध्यता दुबैतर्फ आइलाग्यो । त्यसैले यसपटकको चुनाबी गठबन्धन भनेका देश बनाउन नयाँ विचार र दृष्टिकोण सहित बनेका नभई भुँडी विकास गर्न र आजिवन सत्ताको भत्ता डकार्न पिण्डधारीहरूले बनाएको खाम र हाम गठबन्धन हो भन्ने कुरा छर्लङ्गै भएको छ । बुद्धि र सुद्धि हुन्याहरू सबैलाई चेतना भया । सोही अन्सार चुनाउमा मतदान गऱ्या । नत्र आजिवन खाल्टैमा पऱ्या ।

*१९ कात्तिक २०७४*

kailubraha73@gmail.com

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# प्रतिनिधिसभा र प्रदेशसभामा उठाइएका देजमोका उमेदवारहरू


केबी गुरुङ प्रतिनिधिसभा प्यूठान- १


हिरामणि दुःखी प्रतिनिधिसभा दाङ- ३


लक्ष्मी मुडभरी प्रतिनिधिसभा नुवाकोट- २


शान्तिमान कार्की प्रदेशसभा सिन्धुली- १(ख)


सुरेश श्रेष्ठ प्रतिनिधिसभा काठमाडौं- १०


कुमार शाह प्रतिनिधिसभा रोल्पा- १

| | प्रतिनिधिसभातर्फ | | प्रदेशसभातर्फ | |
|---|---|---|---|---|
| | पहिलो चरण | दोस्रो चरण | पहिलो चरण | दोस्रो चरण |
| प्रदेश नं. १ | १. भोजपुर- १ मा डिल्लीराम बोहरा | | क) मा ई.आङडेण्डी शेर्पा<br>ख) मा देवीप्रसाद राई | |
| | २. ओखलढुंगा- १ मा रुद्र कुमार फुयाँल | | क) मा तेन्जिङ शेर्पा<br>ख) मा विष्णु खड्का | |
| | | ३. तेह्रथुम-१ मा के.वी. फुदोङ | | |
| | | ४. उदयपुर-१ मा अमर परियार | | ख) मा शंकर कोइराला |
| | | ५. सुनसरी- १ मा टिका राई | | |
| | | ६. सुनसरी-४ मा बिर्स'लाल उराउ | | |
| | | | | मोरङ- १ को क) नरसिंह धिमाल |
| | | ७. मोरङ- २ मा होम अधिकारी | | क) दुर्गानन्द मण्डल<br>ख) अशोक लिम्बू |
| | | ८. मोरङ- ३ मा सिताराम बुढाथोकी | | क) सन्तोष गुरुङ<br>ख) हिमप्रसाद मिश्र |
| | | ९. मोरङ- ४ मा कृष्णकुमार मुडियारी | | क) हिरत लाल चौधरी<br>ख) प्रवेश पाण्ड |
| | | १०. मोरङ- ५ मा डा. अमोद तामाङ | | |
| | | ११. मोरङ- ६ मा मोहम्मद वेचन मिया | | |
| | | १२. झापा- २ मा होमचन्द्र घिमिरे | | क) हरि दाहाल |
| | | | | झापा- ३ को क) भक्त विश्वकर्मा |
| | | १३. झापा- ४ मा हरिभक्त संग्रौला | | क) हरि गौतम |
| | | १४. झापा- ५ मा बासु दुलाल | | क) मा जीवन राई |
| | | १५. इलाम- २ मा टंकमणि राई | | ख) मा दिपक गौतम |
| | | | | इलाम- १ को ख) विष्णु नेम्वाङ |
| | | १६. पाँचथर-१ मा उमेश तिमल्सेना | | |
| प्रदेश नं. २ बाट | | १७. सप्तरी-४ मा सुर्यनारायण चौधरी | | क) अजिता विश्वकर्मा |
| | | १८. सिरहा-१ मा सुरेन्द्र प्रसाद साह | | क) विजय गुप्ता |
| | | १९. सिरहा-२ जितेन्द्रकुमार सिंह | | |
| | | २०. सिरहा-४ मा रामदेव कारत | | |
| | | २१. महोत्तरी- ३ मा मोहन मण्डल | | क) ज्ञानमाला महतो<br>ख) देवेन्द्र कापर |
| | | २२. महोत्तरी-४ मा विरेन्द्र कुमार यादव | | क) परमेश्वर यादव |
| | | २३. सर्लाही-१ मा धर्मराज दाहाल | | क) धनवीर घिसिङ<br>ख) रीतादेवी झा |
| | | २४. सर्लाही-२ मा सुरेश साह | | क) पवनदेवी यादव<br>ख) कमलेश राउत |
| | | २५. सर्लाही-३ मा विदुर प्रसाद खरेल | | |
| | | | | रौतहट- १ को ख)मा रामइश्वर नायक |
| | | २६. रौतहट-४ मा शिवशंकर पाण्डे | | क) राजिन्दर राम<br>ख) प्रलाद साह |
| | | २७. बारा-१ मा रामअयोद्या कलवार | | |
| | | | | बारा- ४ को क) देवानन्द चौधरी<br>ख) शैलेन्द्र कुमार कलवार |
| ३ नं. प्रदेशबाट | २८. नुवाकोट-२ मा लक्ष्मी मुड्भरी | | क) मा अर्ज'नलाल श्रेष्ठ<br>ख) मा रवि अधिकारी | |
| | | | नुवाकोट-१ को ख) मा राजन लामिछाने | |
| | २९. रामेछाप-१ मा गणेशबहादुर खड्गी' गगन' | | क) लाङ्काली मगर<br>ख) पद्म थापामगर | |
| | ३०. दोलखा- गोविन्द काफ्ले | | क) पूर्वबहादुर खड्का<br>ख) छत्रबहादुर कार्की | |
| | ३१. सिन्धुपाल्चोक- १ मा टेक बहादुर जोशी | | क) खड्ग बहादुर थापा | |
| | ३२. सिन्धुपाल्चोक-२ मा कुमार बोगटी | | क) गुज खड्का | |
| | | ३३. काठमाडौं- १ मा कृष्णभक्त मानन्धर | | क) अजय बज्राचार्य<br>ख) लेखबहादुर श्रेष्ठ |
| | | ३४. काठमाडौं- २ मा धनबहादुर पन्त | | |
| | | ३५. काठमाडौं- ३ मा ज्ञानु खतिवडा | | क) शेखरनाथ आचार्य<br>ख)गोविन्दप्रसाद गौतम |
| | | ३६. काठमाडौं- ५ मा भरत बुर्जा मगर | | क) ज्ञानेन्द्र प्रजापति<br>ख) रामशरण गिरी |
| | | ३७. काठमाडौं- ६ मा खगेन्द्र छन्त्याल | | क) भागवत नरसिंह प्रधान |
| | | ३९. काठमाडौं- ७ बन्धुदेव पाण्डे | | क) सान्जे गुरुङ<br>ख) शिलु न्यौपाने |
| | | ४०. काठमाडौं- ८ मा किरण शाही | | क) नमस्ते सायमी<br>ख)केशव प्रसाद गौतम |
| | | ४१. काठमाडौं- ९ मा शान्ता पण्डित | | क) प्रवीण देउला<br>ख) विष्णु कार्की |
| | | ४२. काठमाडौं- १० मा सुरेश श्रेष्ठ | | क) रत्नबहादुर महर्जन<br>ख) सुरेश तामाङ |
| | | ४३. ललितपुर- १ मा श्याम केसी | | क) रोमश श्रेष्ठ<br>ख) जगदिश्वर महर्जन |
| | | | | ललितपुर- २ को क) मैते तामाङ |
| | | ४४. भक्तपुर- १ मा कृष्णप्रसाद घेमसु | | ख) राजु लोहला |
| | | | | भक्तपुर- २ को ख) राजिव बोहोरा |
| | | ४५. मकवानपुर- १ मा दीलबहादुर घिसिङ | | क) मानबहादुर स्याङतान<br>ख) मनकुमार न्यौपान |
| | | ४६. मकवानपुर- २ मा सागर उप्रेती | | क) असलाल स्याङतान<br>ख) मा क्षेत्रबहादुर थिङ |
| | | ४७. सिन्धुली- १ मा लोकेन्द्रबहादुर कार्की | | क) चन्द्रप्रसाद मगर<br>ख) शान्तिमान कार्की |
| | | ४८. सिन्धुली- २ मा थलप्रसाद देवकोटा | | क) हरिबहादुर बस्नेत<br>ख) पूर्णाकुमारी देवकोटा |
| | | ४७. काभ्रे- १ मा खेजराज न्यौपाने | | क) एकिना थिङ<br>ख) शोभा विक |
| | | ४८. काभ्रे- २ मा सौरभराज कायस्त | | क) केशव प्रसाद ओझा |
| | | ४९. चितवन- १ मा घननाथ सापकोटा | | क) प्रकाशवावु खनाल<br>ख) मोदनाथ मरहठ्ठा |
| | | ५०. चितवन- २ मा तिवेन्द्र चापागाइँ | | क) विष्णु रिजाल<br>ख) खड्ग कुँवर |
| | | ५१. चितवन- ३ मा टंकनाथ रेग्मी | | क) बाबुराम परियार<br>ख) देवीलाल पौडेल |
| ४ नं. प्रदेशबाट | ५२. गोरखा-१ मा राम नेपाली | | | |
| | ५३. गोरखा-२ मा नारायण अधिकारी | | ख) छविलाल घले | |
| | ५४. लमजुङ- मा शुरेशचन्द्र न्यौपाने | | | |
| | | ५५. नवलपुर-१ मा पिताम्बर तिवारी | | ख) मणि न्यौपाने |
| | | ५६. नवलपुर-२ मा नारायण पंगेनी | | ख) श्यामबहादुर कुमाल |
| | | ५७. कास्की-१ मा टेकबहादुर गुरुङ | | क) श्रीधन राई<br>ख) प्रेमराज मश्राङी |
| | | ५८. कास्की-२ मा कर्णबहादुर पुन | | |
| | | ५९. कास्की-३ मा भोजराज त्रिपाठी | | |
| | | ६०. तनहुँ-१ मा सुन्दरलाल श्रेष्ठ | | |
| | | ६१. तनहुँ-२ मा बाबुराम सुवेदी | | |
| | | ६२. पर्वत-१ मा कुस्नाखर भुसाल | | क) महान गुरुङ<br>ख) जितबहादुर सार्की |
| | | | | |
| | | | | |
| | | | | |
| ५ नं. प्रदेशबाट | ६३. रोल्पा- १ मा कुमार शाह | | क) टिकामन बुढामगर<br>ख) मोतीराम पुन | |
| | | ६४. प्युठान- १ मा केशर बहादुर गुरुङ(के. बी. गुरुङ) | | क) धनेश्वर पोखेल<br>ख) धर्मराज पण्डित |
| | | ६५. दाङ- ३ मा हिरामणी दुःखी | | |
| | | | | दाङ-२ को ख) रामजी थारु |
| | | | | दाङ-१ को क) नरेन्द्र बन्जाडे |
| | | ६६. बर्दिया- १ मा लोकराज जैसी | | |
| | | ६७. बर्दिया- २ मा खड्ग बहादुर मल्ल | | क) सोनीका मल्ल |
| | | ६८. बाँके- १ मा ऋषि राम थारू | | क) ननकु गोडिया<br>ख) प्रेमबहादुर थापा |
| | | ६९. बाँके-२ मा मदन सिंह अधिकारी | | क) ठाकुरप्रसाद काफ्ले<br>ख) दिनेशकुमार श्रीवास्तव |
| | | ७०. बाँके- ३ मा मुकुन्द सिंह वली | | क) हरिराम थारू<br>ख) बोदे बुढा |
| | | ७१. कपिलवस्तु - १ मा निरज कुमार के सी | | क) कमल उप्रेती |
| | | ७२. कपिलवस्तु-२ मा शिव मंगल चौधरी | | क) बिल बहादुर चुदारा |
| | | ७३. कपिलवस्तु- ३ मा अब्दुल सलाम | | क) ज्ञानीराम पुरी<br>ख) मिठाइ लाल चौहान |
| | | ७४. रूपन्देही-१ मा मुजिफ अली | | क) शंकर के सी |
| | | ७५. रूपन्देही-२ मा दल बहादुर छन्त्याल | | क) रामप्रसाद पोखेल<br>ख) खुमानन्द भुसाल |
| | | ७७. रूपन्देही-३ मा खेमराज मरासिनी | | क) वृज यादव |
| | | ७७. रूपन्देही-४ मा हसन मुसलमान | | |
| | | ७८. रूपन्देही-५ मा केजी कुमार पौडेल | | क) गिर बहादुर थापा<br>ख) हकिउल्ला खाँ |
| | | ७९. नवलपरासी -१ मा रामचन्द्र पोखेल | | क) सुर्यप्रसाद सापकोटा<br>ख) गुणनिधि उपाध्यय |
| | | ८०. नवलपरासी-२ मा प्रेमलाल रिमाल | | |
| | | ८१. पाल्पा- १ मा मानध्वोज श्रेष्ठ | | |
| | | | | पाल्पा-२ को क) मा टेकबहादुर बि क |
| | | ८२. गुल्मी- १ मा केशव अधिकारी | | |
| ६ नं. प्रदेशबाट | ८३. कालिकोट- १ मा कर्णबहादुर बुढा | | ख) दिपकबहादुर शाही | |
| | ८४. बाग्लुङ- १ मा निल बहादुर पुन | | | |
| | | ८५. सुर्खेत-२ मा खडानन्द लामिछाने | | ख) गणेश बहादुर शाही |
| | | ८६. दैलेख-२ मा कृष्ण गुरुङ | | क) अमरबहादुर शाही |
| | | ८७. दैलेख-१ मा बमबहादुर शाही | | क) जय गन्धर्व<br>ख) कर्णबहादुर शाही |
| ७ नं. प्रदेशबाट | ८८. बझाङ-१ मा धरणीधर नाथ | | क) अशोक ओली | |
| | | ८९. कैलाली- १ मा मायाराम आचार्य | | क) देवीराम कोइराला<br>ख) विनय चौधरी |
| | | ९०. कैलाली-४ मा टंकप्रसाद कोइराला | | क) भगवती सिंह<br>ख) लोकबहादुर विक |
| | | ९१. कैलाली- ५ मा विन्तिराम चौधरी | | |
| | | | | कंचनपुर- १ को ख) मा सन्देश पाण्डे |
| | | ९२. कंचनपुर- २ मा चन्द्रलाल चौधरी | | ख) मा रामबहादुर महरा |
| | | ९३. अछाम- १ मा शिवसुन्दर शाही | | क) मा कृष्णबहादुर खत्री |

# रसियाली क्रान्तिको आधारभूत महत्व



● रोजा लक्जेम्बर्ग ●

रसियाली क्रान्ति विश्वयुद्ध (१९१४-१९१८ को प्रथम विश्वयुद्ध) को भयानक शक्तिशाली घटना हो। यसको थालनी, व्याख्यातित क्रान्तिकारिता, यसका दीर्घकालीन प्रभावहरूले आधिकारिक जर्मन सामाजिक प्रजातन्त्रवादद्वारा युद्धको सुरुमा जर्मन साम्राज्यवादको विजय अभियानलाई ढाकछोप गर्ने, वैचारिक रक्षाकवचका रूपमा फैलाइएका झुटा शब्दावलीको प्रष्टसँग भण्डाफोर गर्दछन् । मेरो भनाईको तात्पर्य ती शब्दावली प्रतिलक्षित छ जसको प्रयोग जर्मन सङ्गिनधारीहरूको अभियानलाई रसियाली जारशाहीलाई उन्मूलन गरी उत्पीडित जनतालाई मुक्त गर्न भनी गरिएको थियो ।

महान् रसियाली क्रान्तिको आँधी, जसले सारा वर्गीय सम्बन्धहरू बदलिदिएको थियो, सारा सामाजिक तथा आर्थिक समस्याहरू उजागर गरिदिएको थियो र बुर्जुवा गणतन्त्रको पहिलो चरणको अन्तर्यमा रहेको अधपतनका कारणहरूले जसलाई ह्वात्तै मुखरित गरिदिएको थियो, जो अझ अन्नतस्तरमा जानैपर्ने थियो तथा जारशाहीको पतन केवल सामान्य परिघटना हुने सम्भावनालाई न्यूनीकरण गरिदिएको थियो, यी सारा घटनाले काउत्सीको सम्पादकत्वमा निस्कने 'नयाँ समय' को सम्पादकीयमा बाचा गरिएजस्तो जारको हार र रसियाको मुक्ति वा ' जर्मनको सङ्गिन जर्मनकै मुठीमा' भन्ने कुराको निरर्थकतालाई दिनको धामझैँ पुष्टि गर्छन् ।

यसको विपरित, तिनले रसियाको मुक्तिका कारणहरू रसियाली भूमिको माटोमा गहिरोसँग जरा गाडेका थिए तथा आन्तरिक रूपमा परिपक्व भइसकेका थिए। जर्मन सामाजिक प्रजातन्त्रवादीहरूको विचारधारात्मक आशिर्वाद पाएको जर्मन साम्राज्यवादको सैनिकअभियानले रसियाली क्रान्ति नल्याएको मात्रै होइन बरु सुरुमा त्यसलाई बिथोल्न खोज्यो, १९११-१३ को पहिलो उभारका बेला त्यसलाई पछि धकेल्ने काम गऱ्यो, र अन्त्यमा जब क्रान्ति सुरु भयो, त्यसका विरोधमा सबभन्दा कठिन र असामान्य स्थितिहरूको सिर्जना गऱ्यो ।

अझ अगाडी बढेर सबै विचारशील पर्यवेक्षकका दृष्टिमा घटनाको यो विकास, सत्तारुढ सामाजिक प्रजातन्त्रवादीसँग काउत्स्कीले सहमति जनाएको ख्याली सिद्धान्तको पनि ठाडो इन्कारी पनि हो, जसअनुसार, कृषिको बाहुल्यता रहेको तथा आर्थिक रूपले पिछडिएको रसिया सामाजिक क्रान्ति तथा सर्वहारा अधिनायकत्वका लागि बिल्कुल अनुपयुक्त छ भन्ने अनुमान गरिएको थियो । यो सिद्धान्त, जसले रसियाका लागि केवल 'बुर्जुवा' क्रान्तिको मात्र सम्भावना देख्छ, रसियाली मजदुर आन्दोलनको अवसरवादी हिस्साको पनि सिद्धान्त हो, तथाकथित मेन्सेभिकहरूको पनि, जसको नेतृत्व अक्सेलोड र दानले गर्छन । र, यही समझले रसियाली समाजवादीहरूको गठबन्धन बुर्जुवा उदारवादीहरूको कार्यनीतिलाई पिछा गर्न पुग्छ । रसियाली क्रान्तिका बारेको यही आधार भूत बुझाईले गर्दाजसले स्वभावतः तिनको कार्यनीतिको बारेको स्थिति निर्धारित गर्छ, रसियाली तथा जर्मन अवसरवादीहरू जर्मनको सरकारी समाजवादसँग सहमतिमा पुग्छन् । यी तिनै थरीको मतानुसार रसियाली क्रान्तिलाई जर्मन साम्राज्यवादले युद्धका लागि निर्धारित गरेको कुलिन वर्गीय उद्देश्यको सीमाभित्र अर्थात् जारशाही अन्त्य लगत्तै रोक्नु पर्थ्यो । जर्मन सामाजिक प्रजातन्त्रवादको सनातन मत थियो कि जारशाहीको अन्त्यपछि क्रान्तिलार्य जहाँको तहीँ बिसानुपर्दर्थ्यो । यो विन्दुबाट अगाडी बढ्नु भनेको रसियाली मजदुर आन्दोलनको वामपन्थी तप्का, अर्को शब्दमा बोल्सेभिकहरूको गल्ती नै हो । अनि क्रान्तिले अगाडी बढ्ने प्रक्रियामा जे जति कठिनाइ र अस्तव्यस्तताको सामना गर्नुपऱ्यो त्यो पनि यही गल्तीको नियति हो । सैद्धान्तिक रूपमा यो विचारले (स्टाम्फ़ेर र काउत्स्कीहरको 'फरवार्ड' पत्रिकाले 'मार्क्सवादी विचार' को रूपमा सिफारिस गरेको) त्यो पक्का मार्क्सवादी चिन्तनको समर्थन गर्दथ्यो, जसअनुसार समाजवादी क्रान्ति हरेक देशको आफ्नो घरेलु वा आन्तरिक विषय हो, र हरेक आधुनिक राज्यले आफ्नै ढङ्गले हल गर्छ । वास्तवमा चाहिँ काउत्स्की, खाँचो परेको बेला पुँजीको त्यो विश्वव्यापी सञ्जालको त्यस्तो अमूर्त शत्रुबारे जान्दछन् जसले सम्पूर्ण आधुनिक राज्यलाई एउटै प्राण भएको जीवमा फेरिदिएको छ । रसियाली क्रान्तिको समस्या पनि जुन कृषिसम्बन्धी प्रश्न तथा अन्तर्राष्ट्रिय घटनाक्रमको विकासकै उत्पादन हो, बुर्जुवा समाजका सिमानाभित्र समाधान गर्नै सकिन्न ।

व्यवहारिक रूपमा यही सिल्ली विचार रसियाली क्रान्तिको विकासक्रमप्रतिका जिम्मेवारीबाट भाग्न, अन्तर्राष्ट्रिय चासो र खास गरी जर्मन सर्वहारावर्गप्रतिको दायित्वबाट भाग्न र क्रान्तिको अन्तर्राष्ट्रिय सम्बन्धलाई अस्वीकार गर्न प्रयोग गरिन्छ। युद्ध र क्रान्तिको यो विकासक्रमले रसियाली अपरिपक्वता नै झल्काउँछ । यसैलाई प्रष्ट पार्नु नै रसियाली क्रान्तिको आलोचनात्मक परिक्षणको मुख्य कार्यभार हो ।

रसियाली क्रान्तिको भाग्य सम्पूर्ण रूपमा अन्तर्राष्ट्रिय घटनाक्रममाथि निर्भर छ । आफ्ना नीतिहरू सम्पूर्ण रूपमा विश्व सर्वहारा क्रान्तिप्रति आधारित बनाउनु नै तिनीहरूको दूरदर्शिता तथा सैद्धान्तिक निष्ठाको प्रष्ट प्रमाण हो यसले तिनका नीतिहरूको बृहद सम्भावनाहरू उजागर पनि गर्छ । यसैभित्र पुँजीवादले पछिल्लो दशकमा गरेको विकासभित्रका महान् सम्भावना अन्तर्निहित छ। सन् १९०५-१९०७ को क्रान्तिले युरोपमा केवल एउटा मुर्च्छाको । त्यसैले यो केवल पूर्वाङ्गका रूपमा सीमित रह्यो । यसको नितन्तरता र निष्कर्ष युरोपमा हुने अरु विकासक्रमसँग गाँसिएको थियो ।

प्रष्ट छ, मोलाहिजा वा दुःख मनाउने होइन बरु छिद्रान्वेष र सोचविचारयुक्त आलोचना मात्रले अनुभव र शिक्षाका भण्डारहरू पहिल्याउन सक्छ । विश्वइतिहासमै पहिलो सर्वहारा अधिनायकत्वको प्रयोग गरिँदै छ भन्ने बुझेर मात्रै (त्यो पनि कस्तो बेला भने, साम्राज्यवादी युद्धको नङ्गा नाच र मानव हत्याको भयानक सिलसिला चलेको, युरोपका ठूला सैन्य शक्तिहरूका विषालु काँढेतारका बीचमा अनि अन्तर्राष्ट्रिय मजदुरवर्गको आन्दोलन आन्दोलन असफल भइरहेको चुनौतीका बेला जन्मेको सर्वहारा क्रान्तिले गरेका र गर्न नसकेका यो वा त्यो कुराका आधारमा त्यसको सैद्धान्तिक सम्पूर्णताको खोजी गर्नु वास्तवमा एउटा सनकजस्तो देखिन्छ । समाजवादी राजनीतिका प्रारम्भिक मान्यताहरू अनि ऐतिहासिक रूपमा आवश्यक पूर्वशर्तहरूका बारेमा चियाएपछि हामी के बुझ्न बाध्य हुन्छौँ भने त्यस्तो दुर्भाग्यपूर्ण समयमा जतिसुकै आदर्शवादी होस् वा स्पाती क्रान्तिकारी कसैले पनि लोकतन्त्र र समाजवादको असली रूप स्थापना गर्न सक्दैन र त्यसलाई अलि खोजपूर्ण मात्रै बनाउनसक्छ ।

यो सबै तीतो वास्तविकताबारे प्रष्ट हुनु सबै देशका समाजवादीहरूको दायित्व पनि हो, यसको पृष्ठभूमिका मात्रै हामी रसियाली क्रान्तिप्रति अन्तर्राष्ट्रिय सर्वहारावर्गको जिम्मेवारी निर्धारण गर्न सक्नेछौँ । अझ अगाडी, यसको आधारमा मात्रै, विश्व सर्वहारावर्गले लिने कारवाहीमूलक निर्णयहरू बढी प्रभावकारी बन्न सक्छन्, जसको अभावमा एउटै मात्र देशका सर्वहारावर्गले गर्ने महान् बलिदान तगा प्रयोग गर्नै शक्तिंपर्ना गञ्जागोल, अन्तर्विरोधहरू र भुँवरीमा फस्न सक्छ ।

यसमा कुनै शङ्का छैन कि रसियाली क्रान्तिका तिक्ष्ण र बौद्धिक नेताहरू, लेनिन र ट्रोट्स्कीहरूले, थुप्रै धुकचुकपछि र तीव्र आन्तरिक विरोधका बीच नै निर्णायक कदमहरू चालेका हुन् । त्यस्तो सनसनाउँदो आँधीबीच तिनले जे गर्न सके अथवा गर्न सकेनन्, ती सब कुराका बावजुद विश्व समाजवादी आन्दोलनका चम्किला उदाहरणहरू हुन् भनेर तिनको मूल्याङ्कन गरिनुपर्छ ।

रसियाली क्रान्तिको विकासक्रम र बाटोको बारेमा गरिने आलोचनात्मक परखले क्रान्तिको सम्मान र गुरुत्वपूर्ण शक्तिको उदाहरणलाई कमजोरी पार्छ भन्ने मान्यता कम गलत छैन, बरु यस्तो कार्यले मात्रै जर्मन जनसमुदायको दुर्भाग्यपूर्ण मौनता तोड्नमा मद्दत पुऱ्याउन सक्छ । सत्यभन्दा माथि कोही पनि छैन । भर्खरैका पीडादायी अनुभवहरू हेर्दा जर्मन सामाजिक प्रजातन्तवादको अभिभावकीय शैलीले जर्मन श्रमिकवर्गको क्रान्तिकारी उर्जाको पुनर्ताजगी सम्भव देखिन्न । कुनै गतिलो केन्द्रीकृत शक्ति नभएको बेला, उच्चस्तरको समितिका भरमा अथवा भनौँ रसियाली उदाहरणका आधारमा कुनै जादूगिरीबाट यसलाई जगाउन सकिने होइन । क्रान्तिकारी जितवाजीको उत्साहले होइन, आलोचनात्मक मूल्याङ्कनको आधारमा, डराइडराइ गरिने खोजी नीतिका भरमा, लक्ष्य र कार्यहरूको त्यो जटिलता भएको बेला, भावनात्मक स्वतन्त्रता र राजनीतिक परिपक्वताका आधारमा, जनसमुदायको आलोचनात्मक मूल्याङ्कन गर्न सक्ने खुबीका भरमा जसको क्षमता पनि दशौँको समाजवादी नेतृत्वले भूत्तै बनाइराखेको छ, मात्रै जर्मन सर्वहारावर्गको ऐतिहासिक कारबाहीलाई साँचो अर्थमा जन्माउन सकिन्छ । वर्तमान परि स्थितिले समाने राखिदिएको जिम्मेवारी पुरा गर्न अन्तर्राष्ट्रिय मजदुरवर्गलाई रसियाली क्रान्तिको सम्पूर्ण ऐतिहासिक सम्बन्धहरू सहितको आलोचनात्मक विश्लेषणले मात्रै तयार गर्न अथवा तालिम दिन सक्छ ।

रसियाली क्रान्तिको पहिलो चरण, मार्चमा सुरु हुँदादेखि अक्टोबर क्रान्तिसम्म, महान् अङ्ग्रेज क्रान्ति र महान् फ्रेन्च क्रान्तिका अवस्थाहरूसँग मिल्दोजुल्दो देखिन्छ । बुर्जुवा समाजको गर्भमा हुर्कदो क्रान्तिकारी शक्तिले आफ्नो हिसाब-किताब राख्ने यो एउटा उहारणीय तर अनिवार्य अवस्था हो ।

यसको विकासक्रम प्राकृतिक रूपमा क्रमबद्ध रेखामा अघि बढ्छ, हल्का सुरुवातबाट उद्देश्यहरूको क्रान्तिकारीकरण र, त्यसकै सँगसँगै क्रान्तिकारी पार्टीको निर्णायक भूमिका हुने गरी वर्गहरू तथा पार्टीहरूको मोर्चाबन्दी ।

मार्च १९१७ को सुरुतिर कादेत, जो उदारवादी बुर्जुवावर्गको प्रतिनिधि हो, क्रान्तिको अग्रभागमा थियो । क्रान्तिको पहिलो आम उभारले आफैँसँग प्रत्येक चिज र रहेक मान्छेलाई बगाएर लग्यो । चौथो 'दुमा' जो चारवटा प्रतिक्रियावादी वर्गको भोटका आधारमा जन्मेको अति प्रतिक्रियावादी थियो, अचानाक क्रान्तिको अङ्गमा बदलिनपुग्यो । अति राष्ट्रवादीलगायतका सबै बुर्जुवा पार्टीहरू एकल शासनका विरोधमा एकजुट भए । निरङ्कुशता पहिलो आत्रलमणकै बेला झण्डै विनाप्रतिरोध ढल्नपुग्यो, कुनै कुहिएको ढोडजस्तो गरी जसलाई ढल्न कुनै सानो वस्तुको छुवाई नै पर्याप्त छ । कम्तीमा पनि राजसंस्थालाई चाहि जोगाइराख्नुपर्छ भन्ने उदारवादी बुर्जुवाहरूको झिनो प्रयत्न दुइ-चार घन्टा पनि टिकेन । घटनाक्रमको तीव्र रफ्तारले फ्रान्सेली क्रान्तिले दशकौँ पूरा गर्न नसकेका काम पनि एकै दिन वा घन्टाभरमा नै गर्न थाल्यो । यसैमा, यो प्रष्ट भयो कि रसियाले शताब्दीयौँको युरोपेली विकासको परिणाम व्यहोरीरहेको थियो, यो १९०५-१९०७ को क्रान्तिको निरन्तरता थियो जर्मन उद्दारकर्ताको उपहार लिइरहेको कदापि थिएन । मार्च १९०७ को आन्दोलनले दश वर्षअगाडी सुरु भएको क्रान्तिसँगै आफूलाई जोड्न पुगेको थियो । लोकतान्त्रिक गणतन्त्र आन्तरिक रूपमा पाकेर काटिएको बाली थियो क्रान्तिको पूर्ण सुरुवात थियो ।

वास्ववमै दोस्रो र एकदम कठिन उद्देश्य यसपद्धि प्रारम्भ भयो । बिल्कुल सुरुवातदेखि नै, क्रान्तिको मुख्य चालक शक्ति सहरी सर्वहारावर्ग थियो । तैपनि तिनको माग केवल राजनीतिमा लोकतन्त्रको प्राप्तिसम्म मात्र सीमित थिएन, बरु यो तत्कालिन अन्तर ाष्ट्रिय राजनीतिको जल्दोबल्दो विषय तत्कालै शान्तिसँग सरोकार राख्दथ्यो । त्यसै बखत, क्रान्तिले सेनालाई अङ्कमाल गऱ्यो, त्यसले पनि अविलम्ब शान्तिको माग उठायो, यसले किसान समुदायलाई पर्ना लपेट्यो, जसले १९०५ को क्रान्तिदेखि महत्वपूर्ण बनेको क्रान्तिको प्रश्न अर्थात् कृषि र भूमिको सवाललाई अग्रभागमा राखिदियो । अविलम्ब शान्ति र भूमि-यी दुई प्रश्नले क्रान्तिकारीहरूको त्यतिबेलासम्मको मोर्चाबन्दी टुटाईदियो । साम्राज्यवादपरस्त उदारवादी बुर्जुवावर्ग, जसको प्रवक्ता मिल्यूकोव थियो, अविलम्ब शान्तिको नाराको विपक्षमा थियो, अर्कातर्फ, बुर्जुवावर्गको अर्को हाँको ग्रामीण भूपतिहरू, जमिनको प्रश्न आउनेबित्तिकै बिच्कनु स्वाभाविक थियो । र, थप कुरा, क्रान्तिले नीजि सम्पतिको सिद्धान्तमाथि पनि धावा बोल्ने कुरा गऱ्यो, जो सारा सम्पत्तिवान वर्गलाई आतङ्कित पार्ने प्रश्न हो ।

त्यसैकारण, क्रान्तिको विजयको पहिलो दिनदेखि नै शान्ति र जमिनको मुद्दालाई लिएर यसमा अन्तसङ्घर्ष सुरु भयो । उदारवादी बर्जुवावर्गले सुरुदेखि नै यी मुद्दालाई पन्छाउने र छल्ने कार्यनीति लियो ।

उता मजदुरवर्ग, फौजीहरू र किसानहरू भने यही मुद्दालाई पुरा तागतका साथ अघि बढाइरहेका थिए । यसमा कुनै शङ्का थिएन कि गणतन्त्रको लोकतान्त्रिक राजनीतिको भाग्य जमिन र शान्तिको प्रश्नसँग गाँसिएको थियो । क्रान्तिको पहिलो छालको प्रहारले गर्दा गणतन्त्रसम्म जान बुर्जुवावर्गले सहमति जनाएको थियो । अब तिनीहरू बिस्तारै एउटा प्रतिक्रान्तिका लागि आवश्यक जनसमर्थनको खोजीमा लागेका थिए । पिटर्सवर्ग विरुद्ध लक्षित कालेदिन-कजाक अभियान यो प्रवृतिको खुला अभिव्यक्ति थियो । यदि त्यो आक्रमण सफल हुन्थ्यो भने जमिन र शान्तिको प्रश्न मात्रै होइन, गणतन्त्रकै भविष्य पनि समाप्त हुन्थ्यो । सैनिक अधिनायकत्व, मजदुरवर्गका विरुद्ध भयानक आतङ्क र जारशाही पुनर्स्थापना नै त्यसको अनिवार्य परिणति हुने थिए ।

यसबाटै रसियाली काउत्स्कीपन्थीहरू अथवा मेन्मेभिकहरूले बोकेको काल्पनिक तथा आधारभूत रूपमै प्रतिक्रियावादी चरित्रको पारख गर्न सकिन्छ । रसिया समाजवादी क्रान्तिको लागि तयार छैन भन्ने बुर्जुवा मिथको पछि लागेका मेन्सेविकहरू यसबाट पछि हट्न तयार थिएनन्, त्यसैले उनीहरू उदारवादी बुर्जुवावर्गसँग अझ टाँसिदै चाहन्थे, जसबाट क्रान्ति तथा खासमा यसको प्राप्ति लोकतान्त्रिकमाथि सबभन्दा बढी खतरा थियो ।

यो कुरा थाहा पाउनु झन् अचम्मैसँग चाखलाग्दो छ कि, कसरी यो मेहनती मान्छे (काउत्स्की) ले युद्धका चार वर्षभरि आफ्नो अथक लेखनद्वारा, समाजवादमाथि प्रहार गरेको थियो । उसका अनुयायीहरूले पनि आफ्ना सैद्धान्तिक गुरुका यी प्रस्थापनालाई त्यसरी नै विनाआलोचना पचाउँदै गए, जसरी शिदेभान र कम्पनीले समाजवादीमाथि प्रहार गरिरहँदा उनका चेलाहरूले चुपचाप सकारेका थिए । आखिर यी दुवैको मेहेनत एक अर्काका लागि पुरकका रूपमा काममा आए । युद्ध थालिएदेखि नै मार्क्सवादी मन्दिरका मुख्य पुजारी श्रीमान् काउत्स्की सैद्धान्तिक रूपमा वास्तवमा त्यही दोहोऱ्याएका थिए जुन शिदेभानहरूले व्यवहारमा गरिरहेका थिए, जस्तो "अन्तर्राष्ट्रिय (दोस्रो अन्तर्राष्ट्रिय, अनु) शान्ति र निशस्त्रीकरणको हतियार लिग अफ नेसन्स र राष्ट्रवाद र अन्तमा लोकतन्त्र, समाजवाद होइन' ।

यस्तो अवस्थामा, बोल्सेभिक प्रवृत्तिले ऐतिहासिक दायित्व पूरा गरेको थियो, सुरुमा घोषित लक्ष्यबमोजिम, स्पातझैँ अडिएर, जसअनुसार हिँडेर मात्रै लोकतन्त्रलाई बचाउन सकिन्थ्यो तथा क्रान्तिलाई अघि बढाउन सकिन्थ्यो । सम्पूर्ण सत्ता मजदुर तथा किसानको हातमा, सोभियतहरूको हातमा, यो मात्रै त्यस्तो बाटो थियो, जसले अक्करमा फँस्न पुगेको क्रान्तिलाई उद्धार गर्न सक्थ्यो, त्यहीं तरवारले तिनीहरूले गोर्दियन गाँठो छिनाले र अँध्यारो गल्लीमा भड्किरहेो क्रान्तिलाई खुला र स्वतन्त्र मार्गमा ल्याए ।

क्रान्तिको यो प्रमथ बेलामा लेनिनको पार्टी नै थियो, जसले क्रान्तिको खास लक्ष्यहरूलाई आत्मसात गर्न सकेको थियो । यो मात्रै त्यस्तो तत्व थियो, जसले क्रान्तिलाई अगाडी बढायो, अनि यो मात्र त्यस्तो पार्टी थियो, जसले समाजवादी नीतिलाई वास्तविक रूपमा बोकेको थियो । यही कुरा हो, जसले प्रष्ट पार्छ कि, किन क्रान्तिको सुरुवाती दौरमा छेउ पारिएका बोल्सेभिकहरू आफ्ना विरुद्ध चारैतिरका सानातिना आक्रमणलाई छिमल्दै, एकदमै छोटो समयमा क्रान्तिको अग्रभागमा आइपुगे, र सम्पूर्ण क्रान्तिकारी जनसमूहलाई सहरी सर्वहारावर्ग, फौजीहरू, किसानहरू, लोकतन्त्रभित्रका क्रान्तिकारी तत्वहरू तथा समाजवादी क्रान्तिकारीहरूको कसरी आफ्नो वरीपरी गोल बन्द गर्न सके ।

रसियन क्रान्तिको वास्तविक अवस्थाले केही महिनामा नै साँघुरा दुई विकल्पमा बाँडिएको पायो, या प्रतिक्रान्ति या त सर्वहारावर्गको अधिनायकत्व कालेदिन या लेनिन । हरेक क्रान्तिले सुरुका उन्मादपछि यही वस्तुगत अवस्थामा आफूलाई उभ्याँउछ रसियामा पनि 'भूमि र शान्ति' का जल्दाबल्दा ठोस प्रश्नको परिणामले उभ्याइदिएको थियो र बुर्जुवा क्रान्तिको खाकाभित्र यसको कुनै समाधान थिएन । यहाँनेर रसियाली क्रान्तिले प्रष्टाप्रष्टी रूपमा हरेक क्रान्तिका आधारभूत शिक्षाजस्तै सामना गरेको थियो, यसको अस्तित्वको नियम, जसले माग गर्थ्यो, या त क्रान्तिले आफ्ना फलामे हातहरूबाट सारा अवरोधहरू धूलीसात पार्दै पूर्ण गति र प्रष्टताका सीथ विजय हात पार्नुपर्छ र आफ्ना लक्ष्यहरूलाई अझ अगाडि बढाउनुपर्छ या त यो सुरुको बिन्दुभन्दा निकै तल पछारिनेछ तथा प्रतिक्रान्तिद्वारा पूर्णत दमन गरिनेछ । आफ्नो लक्ष्य प्राप्तिको पहिलो बिन्दुमा उभिएर खुशी मनाउने र यथाथस्थितिमा समय गुजार्ने वा लोलोपोतो गरेर पर्खने कुनै सम्भावना क्रान्तिमा रहँदैन । त्यो, जसले संसदीय झगडाका भ्यागुता र मुसाका लडाइहरूको घरेलु अनुभव निर्मित बौद्धिकतालाई क्रान्ति भूमिमा प्रयोग गर्ने प्रयत्न, गर्छ, केवल त्यस्तो मनोदशको प्रदर्शन गरिरहेको देखाउनेछ कि सारा क्रान्तिको अस्तित्व उसको दयामा निर्भर छ तथा सारा ऐतिहासिक अनुभवहरू उसका लागि सातपत्रे गातोले ढाकिएको पुस्तक मात्र ठहरिन्छ ।

सन् १६४२ को सुरुकालको अंग्रेज क्रान्तिको विकासक्रमलाई नै लिउँ । तार्किताले के निष्कर्षमा पुऱ्यायो भने, चर्च सञ्चालकहरूका सुस्त तथा ढुलमुले शैलीका कारण जब तिनका नेताले चार्ल्स प्रथमसँगको निर्णायक लडाइँलाई छल्न खोजे, स्वतन्त्रहरू अगाडि आए, तिनलाई संसद्बाट घोक्रेठ्यांक लगाए र सम्पूर्ण सत्ता आफ्नै हातमा लिए । ठीक त्यही तरिकाले, सेनाभित्रै, पूर्ण समतावादी निम्न पुँजीवादी सैन्य तप्काले सारा स्वतन्त्रतावादी आन्दोलनको मुख्य चालक शक्ति निर्माण गरेको थियो । र, त्यसरी नै अन्त्यमा सैन्य दस्ताभित्रको सर्वहारा तत्व जो पूर्णस्तरको सामाजिक क्रान्तिको सीमासम्म जाने आशामा थियो, ले डिगर आन्दोलनसँग आफ्नो सद्भाव पायो अनि समतावादीहरूको लोकतान्त्रिक पार्टीको शक्ति विस्तार गऱ्यो ।

सेनाको सामान्यपंक्ति सर्वहारा क्रान्तिकारी तप्काको प्रभावबिना, स्वतन्त्रतावादी पार्टीको उपल्लो बुर्जुवाहरूको तहमा सेनाको प्रजातान्त्रिक आम तप्काको दवाव, नपरिकन, प्रेसवाइटेरियन्स (मनोति सम्भ्रान्तहरू)को संसद्बाट मुक्ति सम्भव थिएन, न विचारहीन स्कटसँगको लडाइँलाई विजयमा टुंग्याउनु सम्भव थियो, अनि न त चार्ल्सलाई दण्डित गर्न तथा हाउस अफ लर्डको विघटन र गणतन्त्रको घोषणा नै सम्भव थियो । अनि महान् फ्रान्सेली क्रान्तिमा के भएको थियो त ? यहाँ, चार वर्षसम्मको संघर्षपछि, ज्याकोवियनहरूद्वारा सत्ता कब्जा गर्नु नै क्रान्तिको विजयलाई जोगाउने एकमात्र साधनको रूपमा प्रमाणित भयो, सामन्तवादको ध्वंश, गणतन्त्रको स्थापना, आन्तरिक तथा बाह्य षड्यन्त्रका विरोधमा क्रान्तिकारी प्रतिरोधको संगठन, प्रतिक्रान्तिका षड्यन्त्रहरूमाथि दमन गर्न तथा फ्रान्सको क्रान्तिकारी हुरीलाई सारा युरोपभरि विस्तार गर्नमा यो नै सही प्रमाणित भयो ।

काउत्स्की र उनका रसियाली सहधर्मीहरू, जो रसियाली क्रान्तिलाई यसको प्रथम चरणको 'बुर्जुवा चरित्र'मा सीमित रहेको देख्न चाहन्थे, अघिल्लो शताब्दकिा जर्मन तथा अंग्रेज समकक्षी उदारवादी बुर्जुवाहरू जस्तै थिए जो फ्रान्सेली क्रान्तिका दुई चरणमध्ये जीरोदवादीकाललाई खुब राम्रो भनेर प्रशंसा गर्थे । अनि ज्याकोवियन विद्रोहपछिको काललाई 'साह्रै खराब' भनी आलोचना गर्दथे । इतिहाससम्बन्धी उदारवादी सतही अवधारणा, निश्चित हो कि, यो बुझ्ने चेष्टा नै गर्दैन कि पाखे ज्याकोवियन हठको विद्रोहबिना क्रान्तिको जीरोंदकालीन चरणका उपलब्धिहरूको रक्षासमेत गर्न सकिन्नथ्यो, ती अर्ध मनले सञ्चालित क्रान्तिका उपलब्धि क्रान्तिको भग्नावशेषमा पुरने थिए, अनि ज्याकोवियनहरूको वास्तविक विकल्प चाहीं ज हाँ इतिहासको अभेध्य गतिले १७९३ मा विषयलाई खडा गरिदिएको थियो, चरिच्याट्ट प्रजातन्त्र थिएन बरु बुर्वोन वंशको पुनर्स्थापना मात्रै हुन सक्थ्यो । कुनै पनि क्रान्तिका 'सुनौला उपायहरू' मात्र अपनाउनु सम्भव छैन । यसको प्रकृतिजन्य नियले नै द्रूत निर्णयहरूको माग गर्दछ, या त क्रान्तिको इन्जिन यसको सबभन्दा उच्च बिन्दुतिर हुइँकिन्छ जुन इतिहासले निर्धारित गरिदिएको हुन्छ या त त्यत्तिकै गतिमा आफ्नो सम्पूर्ण भारसहित सुरुकै बिन्दुमा गुडुल्किन्छ, तिनीहरू जो यसलाई कमजोर ढंगले आधा मन लगाएर घचेट्ने चेष्टा गर्छन्, तिनलाई समेत यसले अनन्त खाडलतिर घिसारेर लैजान्छ ।

त्यसैले यो स्फटिकझैं प्रष्ट छ कि, हरेक क्रान्तिमा त्यो पार्टीले मात्रै क्रान्तिलाई अगाडि बढाउन सक्छ जोसँग आम साधारण मानिसहरू र कार्यकर्ताको भावनालाई बाणी दिने क्षमता छ, र परिस्थितिको ठीक विश्लेषण गरी निष्कर्ष निकाल्न सक्छ सत्ता र नेतृत्व हत्याउने क्षमता राख्छ । यसले मेन्सेभिकहरू, दानहरू र जेरेतेलीहरूको दुःखदायी भूमिकालाई पनि प्रष्ट पार्छ, जोसँग सुरुमा जनताका बीच शक्तिशाली प्रभाव थियो, तर जब तिनले लामो समय यताउता हल्लँदै अनिर्णयमा बिताए, जब तिनले सत्ता प्राप्त गर्न र त्यसैमा टिकिरहन चार हात खुट्टा फालेर लागिरहे, अनि तिनीहरू मञ्चबाट लाजमर्दो गरी घोक्र्याइएका थिए । लेनिनका पार्टी मात्रै त्यस्तो थियो, जसले सही क्रान्तिकारी पार्टीको कर्तव्य र जनादेश ठम्याएर पालना गऱ्यो र जसले 'सम्पूर्ण सर्वहारावर्ग र किसानहरूको हातमा' नाराबाट क्रान्तिको निरन्तर प्रगतिको सुनिश्चितता गऱ्यो ।

त्यसप्रकार बोल्सेभिकहरूले 'जनताको बहुमत प्राप्त' भन्ने प्रसिद्ध समस्याको समाधान गरे, जुन समस्याले अझै पनि एउटा रंगिन सपनाको रूपमा जर्मन सामाजिक प्रजातन्त्रवादीहरूलाई सताइरहेको छ । गर्भैदेखि संसदीय अल्पबुद्धि (अनाडी) सिद्धान्तका अनुयायी, जर्मन सामाजिक प्रजातन्त्रवादीहरूले संसदीय नर्सरीमा हुर्काइएको घरेलु विधि क्रान्तिमा प्रयोग गर्न खोजेका छन् अर्थात् केही कुरा गर्नु पहिले तिमीसँग जनताको बहुमत हुनैपर्छ । तिनीहरू भन्छन् क्रान्ति गर्ने हो भने पहिले बहुमत त होस् । क्रान्तिको साँचो तार्किता भने वास्तवमा संसदीय छुचुन्द्राहरूको विपरीत भन्छ बहुमत पहिले होइन, क्रान्तिकारी कार्यनीतिबाट बहुमत त्यो बाटो हो, जहाँबाट अगाडि जान सकिन्छ ।

आँधीमय गतिशील समयमा त्यो पार्टीले मात्रै नेतृत्व गर्छ सक्छ, जसले घटनालाई डोऱ्याउन सक्छ । निर्णायक घडीमा, लेनिन र उनका साथीहरूले जुन दृढनिश्चयका साथ घटनालाई अघि बढाउन सक्ने समाधान दिए (सम्पूर्ण सत्ता सर्वहारावर्ग र किसानको हातमा) त्यसले नै तिनीहरूलाई हेपिएका, विभिन्न दोष खोट थोपरिएका झण्डै अवैधानिक शक्ति, जसको नेताले तहखानामा लुकेर बस्नुपर्थ्यो, समयको वास्तविक मालिक बनाएर उभ्याइदियो । त्यसमाथि, बोल्सेभिकहरूले सत्ताको नियन्त्रणको लक्ष्यलाई दूरगामी क्रान्तिकारी कार्यक्रमको लक्ष्यसँग गाँसिदिए, बुर्जुवा प्रजातन्त्रको रक्षा होइन, बरु समाजवाद प्राप्तिको उद्देश्य साथ सर्वहारावर्गको अधिनायकत्व/त्यसपछि तिनले पहिलोपटक इतिहासका पन्छाउन नसकिने भिन्न स्थितिमा विजयको घोषणा गरे र समाजवादलाई तत्काल लागू हुने व्यावहारिक राजनीतिको कार्यक्रमको रूपमा घोषणा गरे ।

एउटा पार्टीले ऐतिहासिक घडीमा जे जति साहस, क्रान्तिकारी दूरदर्शिता तथा अडान देखाउन सक्छ त्यो लेनिन ट्राटस्की र अरु कमरेडहरूले यथोचित रूपमा देखाएका थिए । सम्पूर्ण क्रान्तिकारी चरित्र तथा क्षमता जुन पश्चिमा समाजवादी जनवादीहरूमा ठ्याम्मै पाइदैन । बोल्सेभिकहरूले प्रदर्शन गरेका थिए । यो अक्टोबर क्रान्ति रसियाली क्रान्तिको मुक्ति मात्र होइन बरु सम्पूर्ण अन्तर्राष्ट्रिय समाजवादको लागि पनि मुक्ति र सम्मानको विषय हो । (समय र मार्क्सवाद पुस्तकबाट)

# संशोधनवादी/नवसंशोधनवादी तथा यथार्थविरोधी साहित्यका विपक्षमा

साहित्य खासगरी यथार्थविरोधी साहित्य वा यथार्थलाई विरूपीकरण गरी प्रस्तुत गरिने साहित्यको प्रभाव र विस्तारमा बुर्जुवा र त्यस सँग सन्निकट सम्बन्ध कायम गर्न आतुर हुँदै गएको 'वामपन्थ'- जो मालेमावादी विचार र उद्देश्यबाट स्खलित भएको छ- पनि त्यसकै वरिपरि केन्द्रित हुन थालेको छ । हाम्रो जीवनलाई रुग्ण अवस्थामा लैजान र समाजको शोषण-उत्पीडन यथावत कायम राख्नका लागि त्यस किसिमका साहित्यले प्रमुख भूमिका निर्वाह गर्दछ । बुर्जुवा र बुर्जुवाकरण हुँदै गएको तत्वसँग सम्बन्धित साहित्यकारले आफ्नो साहित्यमा प्रछन्नतः शोषण, उत्पीडन, दमनलाई औचित्य प्रदान गर्ने काम गर्दछ । र, समाजमा व्याप्त गरिबी, असमानता, विभेदलाई लुकाउने काम गर्दछ । सत्ताधारी वर्गको शोषकीय चरित्रको क्रूर एवम् अमानवीय प्रवृत्तिलाई स्वभाविक मानवीय प्रवृत्तिका रूपमा चित्रण गर्ने र तिनको छवि सुधार्ने तथा सुन्दर बनाउने काम तिनका साहित्यमा हुन्छ ।



• प्रा.डा.जगदीश चन्द्र भण्डारी •

खासगरी क्रान्तिकारी साहित्यका विरुद्धमा कहिले स्पष्ट रूपमा त कहिले छद्म रूपमा देखापर्ने बुर्जुवाकृत हुँदै गएको साहित्यकारको साहित्य बुर्जुवाको भन्दा घातक एवम् हानिकारक हुन सक्छ । जनताको संघर्षलाई न्यूनीकरण गर्ने र स्खलित नायकलाई महान बनाई प्रस्तुत गर्ने जस्ता प्रवृत्ति तिनीहरूमा हुन्छ । बुर्जुवाहरूले आफ्ना आख्यान र गैरआख्यानात्मक रचनामा जनताका अप्रतिम साहस, सौर्य, बलिदान, पराक्रमलाई अमानवीय कृत्यका रूपमा राखी निषेध गरेजस्तै बुर्जुवाकृत हुँदै गएको साहित्यकारले जनताको प्रतिरोधी र सांघर्षिक चेतनालाई कमजोर र दुर्वल बनाउने काम गर्दछन् । आफ्नो कुरालाई स्थापित गर्न असंगत, अवैज्ञानिक एवम् काल्पनिक तर्क अघि सार्दछन् । गरिब र उत्पीडित वर्गको छवि र क्रियाकलापलाई तुच्छ, निम्न तथा घृणित बनाई प्रस्तुत गर्दछन् । साम्राज्यवाद र विस्तारवादी तथा सामन्तवादी पुँजीवादी बौद्धिक/प्राज्ञिक साहित्यिक प्रतिष्ठानमा प्रभुत्व जमाएका सत्ताधारी वर्गका साहित्यकारको काम नै एकपक्षीय रूपमा सर्वहारा, उत्पीडित तथा श्रमिकवर्गविरोधी साहित्य सिर्जनालाई प्रोत्साहित गर्नु र त्यस्तो साहित्य लेख्ने साहित्यकारलाई सम्मानित गर्नु, प्रशंशित गर्नु र पुरस्कार दिनु रहेकोले पनि तिनको लक्ष्य के हो भन्ने बुझ्न सकिन्छ । साम्राज्यवाद, विस्तारवाद तथा पुँजीवादका विरुद्ध प्रतिरोधमूलक लेखिएका सिर्जनालाई ती संघ संस्था र प्रतिष्ठानले स्थान दिँदैनन् ।

नेपाली जनताले गरेको महान मुक्तिसंघर्ष, जनसंघर्ष तथा जनयुद्धप्रतिको विमोहमा रमाउने बुर्जुवा तत्व र त्यसका पक्षधर साहित्यकार र तिनका सिर्जनालाई ठुला अखबार, टिभी, फिल्म, अनलाइन तथा अन्य संचार साधनमा औधी महत्व दिई प्रचार र प्रसारित गरिनु पनि स्वभाविक नै हो । किनभने, ती सबै सत्ताधारी वर्ग/शोषक वर्गका विचारधारा, चिन्तन र उद्देश्यसँग गाँसिएका हुन्छन् । तिनका गर्हित उद्देश्यबाट सामान्य जनता बेखबर छन् र तिनका मानवघाती, मानवविराधी, श्रमद्वेषी तथा सर्वहारावर्गविरोधी सामग्री ग्रहण गर्न बाध्य छन् । अझ तिनकै डाको र लय ठूलो छ । तिनकै ठूला अखबार, टिभी च्यानल, अनलाइनलगायतका माध्यमबाट साम्राज्यवाद, विस्तारवाद तथा दलाल पुँजीवादको जहर पिउन नेपालीजनलाई विवश बनाइएको छ । तिनका शैली र अभिव्यक्ति कलात्मक आवरणमा रहन्छन् र त्यसका माध्यमबाट तिनले सर्वहारा तथा उत्पीडित वर्गको संवेदना, भावना र उद्देश्यलाई विषालुमय बनाएका छन् । वर्गसंघर्षलाई निरन्तरता दिने र अगाडि बढाउने काममा अबरोध पैदा गर्ने त्यस्तो तत्व बुर्जुवासँगै आफूलाई बामपन्थी बताउने दक्षिणपन्थी संशोधनवादी हुन् । आफ्ना प्रभू साम्राज्यवाद र विस्तारवादलाई खुशी तुल्याउन दलालीमा चुर्लुम्म डुबेका र विचारबाट पलायन भएका ती तत्व अनुपन्थी साहित्यकार र तिनका सिर्जनाले मानिसलाई दास र बन्दनयुक्त बनाउन सहयोग पुर्‍याउन एकचित्त भएर लागेका छन् ।

वर्गीय मुक्ति र राष्ट्रिय मुक्तिलाई छोडी दलालपन्थता तथा बुर्जुवापन्थतामा पतन भइसकेको राजनीतिक शक्तिसँग लिप्त, आबद्ध साहित्य लेखन सारतः सर्वहारावर्गविरुद्ध छ र साम्राज्यवाद तथा विस्तरवाद पक्षधर रहेको छ । क्रान्तिकारी पक्ष अर्थात् मालेमावादी सर्जक तिनका विरुद्ध सक्रिय हुनु आवश्यक छ । किन आवश्यक छ भने नेपाली जनता साम्राज्यवाद, विस्तारवाद तथा दलाल पुँजीवाद र तिनका चाकरहरूबाट उत्पीडित, शोषित र स्वाधीनहीन छन् । तसर्थ, तिनको उत्पीडन, शोषणबाट मुक्त/स्वतन्त्र हुन तिनका विरुद्ध सम्झौताहीन बलिदानीपूर्ण संघर्ष/विद्रोह गर्नु जरुरी छ । साहित्य/सिर्जना पनि वर्गीय एवम् राष्ट्रिय मुक्ति संघर्षकै एक अंगका रूपमा रहेको हुनाले त्यसले आफ्नो भूमिका पूर्ण गर्नु पर्दछ ।

निष्कर्षमा भन्दा नेपाली उत्पीडित वर्गको प्रतिरोधी चेतनालाई निस्तेज बनाउन सक्रिय रहेको क्रान्तिविरोधी, सर्वहारावर्गविरोधी, सर्वहारा मानवतावादविरोधी तथा जनवाद र समाजवादविरोधी प्रतिक्रियावादी तत्वको चिन्तन, सिर्जन, प्रकाशन र प्रशारणले मुक्ति आकांक्षा र सपनालाई प्रकटन गर्दैन, बरु अझ नेपाली जीवन र समाजको रुग्ण पुरातनमूलक धारणा र अभिवृत्तिलाई समृद्ध पारी यथास्थितिमा जिउन बाध्य पार्दछ । संशोधन/नव संशोधनवादी कम्युनिष्ट नामधारी बुर्जुवा अनुपन्थीतत्व एवम् प्रतिक्रान्तिकारी/प्रतिक्रियावादी विरुद्धको लेखन संघर्ष तीव्र बनाउनु र परिवर्तनविरोधी प्रति प्रहार सोझ्याउनु नै यथार्थप्रतिको इमान्दारी निष्ठा हुन सक्छ । आदर्श विचलन, संसदपन्थता र बुर्जुवाकरणको घोलघालबाट संशोधन, नवसंशोधनवादको निर्माण भएको हुनाले त्यो घातक छ ।

# किन लेख्ने र के लेख्ने ?

मानिस किन सिर्जनकर्म वा लेखनकर्ममा प्रवृत्त हुन्छ भन्ने प्रश्न जटिल र गम्भीर किसिमको छ । मूलतः सिर्जना भनेको सामाजिक चेतनाको एउटा रूप हो । यसमा मानिसका विशिष्ट चेतनाको अभिव्यक्ति हुन्छ । आफ्नो जीवनमा प्राप्त अनुभव ज्ञान र अनुभूतिलाई अरु मानिससामु सञ्चार र प्रसार गर्नका निम्ति कला वा साहित्यका सहारा लिन्छ । मानिसको वस्तुगत संसारसँग कलात्मक सम्बन्ध रहेको छ र उसले आफ्ना कलाचेतनालाई जुन वस्तुगतजगत्‌बाट ग्रहण गरेको हो- अभिव्यक्तिका माध्यमबाट प्रक्रियाबाट प्राप्त गरेको कलाचेनाबाट मानिस अलग र विछिन्न रहन सक्तैन । सामाजिक जीवनसँगका सम्बन्ध, अन्तरविरोध द्वन्द्व, सन्निकटता र भीषण संघर्षका बीचबाट मानिसले अनुभूतिको रास तयार पार्दछ । सुन्दरको अन्वेषण गर्दछ । आर्थिक, सामाजिक क्रियासँगै सांस्कृतिक क्रियाकलापमा संलग्न हुन्छ । वस्तुजगत्‌को यथार्थ र त्यससँगको अन्तरविरोधपूर्ण प्रतिक्रियामा मानिस लाग्छ । एकातिर उसले आफ्ना अनुभव, अनुभूति र विचारहरूलाई शृंखलित र व्यवसिथत रूपमा राख्न चाहन्छ भने अर्कोतिर अनुभव, अनुभूति र विचारमा रहेका भ्रम, अन्यौल, अयथार्थलाई मिल्काउन आफूभित्र संघर्ष पनि गरिरहेको हुन्छ । बाहिरी संसार र भित्री संसारको संघर्षमै सिर्जनशीलता प्रकट हुन्छ । लेखनकर्म श्रमजन्य उत्पादनजस्तै रचना हो । सौन्दर्यबोधसहितको कर्मप्रति मानिस लाग्ने क्रममै सिर्जनकर्ममा प्रवृत्ति हुन्छ । सर्जक स्वयम्भू वा अवतारी पुरुष होइन । उसको चेतना वस्तुगतजन्य हो र त्यसका माध्यमबाट अर्थात् वस्तुगतजगत्‌बाट उत्पादित चेतनाकै प्रक्रियामा सिर्जनकर्म घटित हुन्छन् । सबै किसिमका कुरूपता र विषमताका विरुद्ध नयाँ सौन्दर्य चेतनाको उद्‌घाटन, प्रवर्द्धन र विकासका निम्ति पनि सर्जिक सिर्जनकर्मीतर्फ अग्रसर हुन्छन् र त्यो चेतबोध त्यत्तिकै जन्मिँदैन । सुन्दर र सुन्दरतासम्बन्धी नवीन चेतसँग मानिस गाँसिएको छ र त्यसको निर्माणका निम्ति प्रयत्नशील र संघर्षशील हुँदै आएको छ । सौन्दर्यबोधलाई विकसित गर्नु, उन्नत र उदात्त चेतनाका निम्ति अग्रसर हुनु, सौन्दर्यविरोधी तत्वहरूका विरुद्ध उभिनु, मानवद्वेषी प्रवृत्तिका विरुद्ध संघर्ष गर्नु, मानिसलाई सबै किसिमका उत्पीडनबाट मुक्त गर्ने युद्धमा सामेल हुनु, सर्वहारावादी मानवता र मूल्यका निम्ति क्रियाशील रहनुमै सिर्जनकर्मतर्फका सक्रियताका कारक भेटिन्छन् । बर्बरता असभ्यता र विरूपतायुक्त सौन्दर्यबोका विरुद्ध उदात्तता, आदर्शता र सुरूपतायुक्त सौन्दर्यबोधको विकासका निम्ति सृजनात्मक कर्ममा मानिस लागेको छ र निरन्तर लाग्दै आएको छ, सिर्जनात्मक संघर्ष गर्दै आएको छ ।

तसर्थ, सर्जकले सौन्दर्यबोधको परिष्कारका लागि मात्र लेख्दैन, सौन्दर्यबोधको चेतनालाई परिवर्तन वा फेर्नका लागि लेख्छ । संघर्षमा समाहित भएको जनसमूह र सर्जक भिन्नभिन्न पात्र होइनन्- जनसमूहको अनुभूति र सर्जकको अनुभूति एउटै हो वा तिनमा मेल हुनु आवश्यक छ । सामन्तवाद, दलालपुँजीवाद, साम्राज्यवाद तथा विस्तारवादद्वारा सिर्जित शोषण, उत्पीडनयुक्त यथार्थ नष्ट र ध्वंश गरेपछि मात्र सत्ताको स्वरूपमा परिवर्तन आउँछ । साम्राज्यवादद्वारा परिपोषित उत्तरआधुनिकतावाद, नग्नवाद, रूपवाद र हास्यावाद, शून्यवाद आदिका विरुद्धको कलात्मक संघर्षलाई टेवा पुग्ने रचना नै आजका सर्जकका हुन सक्छन् । त्यस्ता रचनाले व्यक्तिमा रहेका समर्थहीनतालाई हटाउनमा सहयोग पुर्‍याउँछन् । व्यक्तिका सारा ऊर्जा, क्षमता र सामर्थ्यलाई विलोप गरेर समाजसँग त्यसलाई अलग पारेर महान् सौन्दर्यात्मक मूल्यबाट विमुख पारेर मानिसलाई एक्लो, हुतिहाराक, सामर्थ्यहीन बनाउने तत्व र शक्तिका विरुद्धको आजको सिर्जना हुनसक्छ । सिर्जनाका आफ्ना आवयविक विशिष्टताभित्र नै प्रयोजन अन्तरनिहित हुन्छ र प्रयोजनमुखी हुनु भनेकै सृजनाभित्रको विचारधारात्मक तत्व र वर्गीय प्रतिबद्धताको संश्लिष्ट रूप हो । हाम्रो आर्थिक, सामाजिक संरचनालाई विरूप बनाउने कारक तत्वका बारेमा सर्जक स्ष्ट भएपछि मात्र उसको सिर्जनामा भएको प्रयोजन काम्य र सुरुचिपूर्ण हुन्छ । भनुँ, लेखकको दृष्टिकोण र प्रयोजनका बीच पनि द्वन्द्वात्मक सम्बन्ध रहन्छ र त्यसले सर्जकलाई स्पष्ट र वस्तुवादी बनाउनमा मद्दत गर्दछ ।

सर्जिकका अगाडि थुप्रै विषय रहेका छन् र विषयमा विविधता रहेको छ । समकालीन सन्दर्भमा लेखक कस्तो विषयको चयन गर्ने भन्ने प्रश्नमा घोरिन पुग्छ । वैचारिक रूपमा स्पष्टता रह्‍यो भने विषयको चयनले त्यति ठूलो समस्याको रूप लिँदैन । तत्कालीन परिवेश र तिनमा घटित हुने मानवयि क्रियाकलाप जुन यथार्थजन्य हुन्छ- लाई टेक्ने आधार बनाएर सर्जक अगाडि बढ्न सक्छ । पुराना थोत्रा रूप र सारमा हराउन खोजियो भने त्यसले सार्थक महिमायुक्त र सुन्दर सिर्जना गर्न सक्दैन । उद्देश्यपूर्ण, प्रयोजनमुखी र सार्थक चाहनाजन्य सिर्जनाको मूल्य रहन्छ, त्यसै मूल्य प्राप्तिका निम्ति सर्जक अगाडि बढ्ने क्रममा इतिहासमा विरलै भेटाइने घनीभूत अर्थ बोकेका थुप्रै विषय प्राप्त गर्न सकिन्छ । जीवनका महान् र विशेष अवस्थाबाट सिर्जित असंख्य विषयमा हाम्रा अगाडि उपस्थित छन् । अखबारी जीवन होइन, संघर्षसँग गाँसिएको जीवनको अन्वेषण र त्यसको नवीन बिम्बीकरणको आवश्यकता छ । वर्तमानका सन्दर्भसँग पृथक रहेको वर्ण्यविषय पुरानो वा अप्रासंगिक भइसकेको छ र त्यसका ठाउँमा आमूल परिवर्तनका निम्ति भएको जनयुद्ध र त्यससँग गाँसिएको विषयमै वस्तुसघनता र कलाासघनता रहेको छ । वर्गचेतयुक्त सर्जकका निम्ति वर्गवस्तुको फाँट फैलिएको छ र के टिप्ने ? के के सजाउने ? के के पस्कने ? कुराको चुली चुलिएको छ । मानिसका उज्ञाम चाहना, संकल्प, अठोट, उत्साह, साहस, भय, वीरताका आँधीबेहरीलाई सिर्जनाभित्र भित्र्याउने काम गर्नु त छँदैछ, त्यसका सीथै त्यसप्रति प्रतिबद्ध र इमान्दार हुनु पनि जरुरी छ । मानिसका काम्य अकाम्यमै त सत्यता अभिव्यञ्जित हुन्छ र यथार्थ रागात्मक रूपमा प्रकट हुन्छ । रूपान्तरण अवश्यंभावी छ र त्यसलाई सिर्जनामा भन्नु जरुरी छ । रूपान्तरणका निम्ति भएका विगतका जनयुद्ध, जनसंघर्ष र आन्दोलनमै सर्जकको सिर्जनकर्मले बाटो बनाउँछ र गन्तव्यसम्म पुग्छ । जनयुद्ध, जनसंघर्ष र जनआन्दोलन नै त हुन जीवनका रूपान्तरणकारी महत्तम घटना, ती नेपाली जीवनका यथार्थ घटनाका प्रतिफल हुन्, नेपाली जीवन तिनमै बढी आकर्षक, मोहक र काम्य रूपमा व्यक्त हुनसक्छ ।

## कविता

# इतिहासको यस घडीमा र कृष्ण सेन 'इच्छुक'



• कृष्ण सेन 'इच्छुक'

*यस बेला केही निस्तेज शिरहरू झुकेर*
*सभक्ति अभिषेक चढाइरहेछन्*
*म तिम्रो ठाडो शिरलाई झन् ठाडो देख्न चाहिरहेछु*
*यस बेला केही दुर्बल मुठीहरू फुकेर*
*विनीत भावले जम्लाहात जोडिरहेछन्*
*म तिम्रो वज्रमुठीलाई झन् सबल देख्न चाहिरहेछु*
*यस बेला केही थकित पाइलाहरू गलेर*
*माझ-बिसौनीमै वास मागिरहेछन्*
*म तिम्रा जब्बर पाइलाहरूलाई झन् अग्रसर देख्न चाहिरहेछु*
*यस बेला केही कर्णकटु स्वरहरू काँपेर*
*प्रशस्ति वाचन गरिरहेछन्*
*म तिम्रो प्रखर वाणीमा युगको हुङ्कार सुन्न चाहिरहेछु ।*

*व्यथित देशकोचिन्ताले*
*आहत जनताको पीडा र सुस्केराले*
*हरदम अभिभूत तिमी*
*ए, मेरो युगको तरुण नायक ।*
*यस बेला मैले कविता लेखूँ-नलेखूँ केही फरक पर्दैन*
*तर तिम्रो आँधीबेहरीमय महायात्रा भने रोकिनु हुन्न*
*इतिहासको यस सङ्क्रमणशील घडीमा*
*भोको पेटका ऊर्जस्वी चेतनाहरूलाई*
*निधारबाट रगतका बाछिटाहरू पुछेर*
*दयालु मुद्रामा विषालु खाजा पस्किरहेछ, भद्र पुरुष*
*तिमी भने झुक्किनु हुन्न*
*कहाँ फुलेको छ र डाँडाको फेदीमा रातै लालीगुराँस*
*तिमी भने यो फेदीमै अलमलिनु हुन्न*

# वोट र गोरख पाण्डेय

• गोरख पाण्डेय 'भोजपुरी के नौ गीत'

*पहिले-पहिल जब वोट मांगे अइले*
*तोहके खेतवा दिअइबो*
*ओमें फसली उगइबो ।*
*बजडा के रोटिया देई-देई नुनवा*
*सोचलीं कि अब त बदली कनुनवा ।*
*अब जमीनदरवा के पनही न सहबो,*
*अब ना अकारथ बहे पाई खूनवा ।*

*दुसरे चुनउवा में जब उपरैलें त बोले लगले ना*
*तोहके कुँइयाँ खोनइबो*
*सब पियसिया मेटैबो*
*ईहवा से उड़ी-उड़ी ऊंहा जब गैलें*
*सोंचलीं ईहवा के बतिया भुलैले*
*हमनी के धीरे से जो मनवा परैलीं*
*जोर से कनुनिय-कनुनिया चिलैंले ।*

*तीसरे चुनउवा में चेहरा देखवलें त बोले लगले ना*
*तोहके महल उठैबो*
*ओमें बिजुरी लागैबों*
*चमकल बिजुरी त गोसैयां दुअरिया*
*हमरी झोपडिया मे घहरे अन्हरिया*
*सोंचलीं कि अब तक जेके चुनलीं*
*हमके बनावे सब काठ के पुतरिया ।*

*अबकी टपकिहें त कहबों कि देख तूं बहुत कइलना*
*तोहके अब ना थकईबो*
*अपने हथवा उठईबो*
*हथवा में हमरे फसलिया भरल बा*
*हथवा में हमरे लहरिया भरलि बा*
*एही हथवा से रुस औरी चीन देश में*
*लूट के किलन पर बिजुरिया गिरल बा ।*
*जब हम ईंहवो के किलवा ढहैबो त एही हाथें ना*
*तोहके मटिया मिलैबों*
*ललका झंडा फहरैबों*
*त एही हाथें ना*
*पहिले-पहिल जब वोट मांगे अइले ....*

## सूचना

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित भएको विचारप्रधान त्रैमासिक

**'वर्गबोध'**

बजारमा उपलब्ध छ, आफ्नौ प्रति बेलैमा सुरक्षित गरौं ।

**प्रकाशन विभाग**

**वर्गबोध त्रैमासिक**

# यस्तो छ...

गर्नेछ ।

**१०. शिक्षा र स्वास्थ्य सम्बन्धी नीतिः**

क. शिक्षा र स्वास्थ्यलाई पूर्णरूपले राज्यको दायित्व अन्तर्गत राखिनेछ र सुनिश्चित गरिनेछ ।

ख. वैज्ञानिक शिक्षा प्रणाली र संस्कृति लागु गरिनेछ ।

ग. माध्यमिक तहसम्म अनिवार्य र निःशुल्क शिक्षा नीति लागु गरिनेछ ।

घ. शिक्षा र स्वास्थ्य क्षेत्रमा मौलाएको निजीकरण र व्यापारीकरणलाई अन्त्य गरिनेछ ।

ङ. मुटुरोग, मृगौलारोग र क्यान्सर जस्ता प्राणघातक रोगहरू सुलभ ढंगले राज्यका तर्फबाट पूर्णरूपमा निःशुल्क उपचार गर्ने व्यवस्था गरिनेछ ।

च. सबै प्रदेशमा आवश्यकता आधारमा मेडिकल कलेजहरू खोल्ने र सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

छ. सबै प्रदेशमा सुविधा सम्पन्न रेफरल ९ञ्भाभचचबि० अस्पतालहरू खोल्ने र सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

**११. कृषि तथा भूमिसुधार सम्बन्धी नीतिः**

क. सामन्ती भू-स्वामित्वको अन्त्य गरी वैज्ञानिक र क्रान्तिकारी भूमिसुधारको व्यवस्था गरिनेछ ।

ख. सामन्त दलाल तथा नोकरशाही पुंजीपतिहरूको जमिन जफत गरी भूमिहीनहरूलाई वितरण गरी वैज्ञानिक भू-उपयोग नीतिको कार्यान्वयन गरिनेछ ।

ग. कृषिको औद्योगिकरण र व्यवसायिकरण गरी कृषियोग्य जमिनमा खेती गर्ने वातावरण तयार गरिनेछ ।

घ. कृषि उत्पादन बढाउनका लागि किसानहरूलाई अनुदान दिइनेछ । मल, बिऊको व्यवस्था गरिनेछ ।

ङ. कृषि उत्पादनको खरिद र बिक्रीका लागि उचित मूल्य निर्धारणको व्यवस्था मिलाइनेछ ।

च. पशुपालन व्यवसायलाई व्यवसायिक बनाउँदै लगिनेछ ।

छ. पशुपालक किसानहरूलाई अनुदानको व्यवस्था गर्नुका साथै पशु उत्पादनको खरिद, बिक्रीका लागि उचित मूल्य निर्धारण गरिनेछ ।

ज. हिमाली भेगमा खाद्यान्नको अभावको आपूर्तिका लागि अनुदानको व्यवस्था गरी सहुलियत मूल्यमा उपलब्ध गराउने सुनिश्चित गरिनेछ ।

झ. हिमाली क्षेत्रमा पाइने जडीबुटीको वैज्ञानिक ढंगले सम्वर्धन, प्रवर्धन, संकलन र प्रशोधन गर्ने व्यवस्था गरिनेछ ।

ञ. हिमाली भेगमा फलफुल उत्पादनको विकास गर्ने वैज्ञानिक कार्यक्रम लागु गरिनेछ र उत्पादित वस्तुको उचित मूल्य निर्धारण र बिक्री वितरणको व्यवस्था मिलाइनेछ ।

**१२. उद्योग तथा वाणिज्य सम्बन्धी नीतिः**

क. उद्योग, वाणिज्य र व्यापारको क्षेत्रमा कायम रहेको बहुराष्ट्रिय, एकाधिकार पूंजीवाद र दलाल पूंजीवादको नियन्त्रणलाई खारेज गरी राष्ट्रिय हितलाई सर्वोपरिमानी नीति निर्माण गरिनेछ ।

ख. राष्ट्रिय चरित्र भएका उद्योग, वाणिज्य र व्यापारलाई संरक्षण, सम्वर्धन र प्रोत्साहन गरिनेछ ।

ग. उद्योग धन्दा सँग संबन्धित विदेशी ऋण, अनुदान र प्रविधि एवं प्राविधिक ज्ञान राष्ट्रहित विपरीत नहुनेगरी मात्र स्वीकार गरिनेछ ।

घ. छिमेकी तथा अन्य मित्र राष्ट्रहरू सँगको उद्योग एवं वाणिज्य संबन्धी सम्बन्ध पारस्परिक समानता र फाइदाका आधारमा गरिनेछ ।

ङ. ग्रामीण क्षेत्रमा साना तथा घरेलु उद्योगधन्दाको संचालन र विकासमा जोड दिइनेछ ।

च. वित्तीय (बैंकिङ्ग) पुँजी र विप्रेषण (रेमिटेन्स) बाट आउने पुँजीलाई औद्योगिक पूँजीमा रूपान्तरण गर्न जोड दिइनेछ ।

छ. उद्योग, वाणिज्यको क्षेत्रमा नागरिक लगानीलाई प्रोत्साहन गर्दै त्यसको सम्बर्धन एवं प्रवर्धन गरिनेछ ।

**१३. ऊर्जा, जलस्रोत र सिंचाई सम्बन्धी नीतिः**

क. नेपालको राष्ट्रिय हित र स्वाधनीता विपरीत भएका र गरिएका कोशी, गण्डकी र एकीकृत महाकाली लगायतका राष्ट्रहित विपरीत सम्झौता खारेज गरिनेछ ।

ख. राष्ट्रहित विपरीत गरिएका माथिल्लो कर्णाली र अरुण तेस्रो जलविद्युत आयोजना सम्बन्धी सम्झौता खारेज गरिनेछ ।

ग. देशमा रहेको अपार जलस्रोतलाई अधिकतम उपयोग गर्ने नीति, कार्यक्रम र योजना तयार गरी त्यसको बहुउद्देश्यीय प्रयोग गरिनेछ ।

घ. जलस्रोतको बहुउद्देश्यीय उपयोग नीति अनुसार ऊर्जा विकास, खेती योग्य जमीनको सिंचाइ र स्वच्छ खानेपानी सेवामा ठोस कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

ङ जलविद्युत उत्पादनमा स्वदेशी लगानी र विशेष गरी नेपाली नागरिकहरूको लगानीलाई प्रोत्साहन र प्रवर्धन गरिनेछ ।

च. राष्ट्रहित विपरीत गरिएका ऊर्जा विकास सम्झौता (पीडीए) र ऊर्जा ब्यापार सम्झौता (पीटीए) लाई खारेज गरिनेछ ।

छ. जी.एम.आर. जस्ता लगानी जुटाउन नसक्ने र कालोसूचीमा परेका विदेशी कम्पनीहरूलाई हटाइने छ ।

**१४. वातावरण, वन र पर्यटन सम्बन्धी नीति**

क. वातावरण संरक्षणका सम्बन्धमा नेपाल पक्ष भएर गरिएका अर्न्तराष्ट्रिय अभिसन्धि र प्रतिवद्धताहरूको प्रभावकारी ढंगले कार्यान्वयन एवं अनुगमन गरिनेछ ।

ख. देशमा अव्यवस्थित पूर्वाधार विकास कार्यक्रमका कारणले वातावरणमा व्यापक खलल पुगेकाले त्यसको नियन्त्रण गरी रोकथाम गर्न दीर्घकालीन योजना तयगरी लागु गरिनेछ ।

ग. देशमा रहेको व्यापक बन सम्पदालाई संरक्षण र संबर्धन गर्ने दीर्घकालीन राष्ट्रिय नीति तथा कार्यक्रम तय गरिने छ ।

घ. वन सम्पदा र पैदावारको संरक्षण र सदुपयोगका लागि जनता र समुदायको प्रत्यक्ष भूमिकालाई बढाइने छ ।

ङ. जल, जमिन र जंगल जस्ता प्राकृतिक स्रोत साधनहरूमा स्थानीय जनता र समुदायको अग्राधिकार सुनिश्चित गरिने छ ।

च. राष्ट्रिय निकुंज र शिकार आरक्ष जस्ता क्षेत्रमा स्थानीय जनसमुदाय र आदीवासी जनजातिहरूको हितको संरक्षण गर्ने नीति कार्यान्वयन गरिनेछ ।

छ. जल, जमिन र जंगल जस्ता प्राकृतिक स्रोत साधनको उपयोग गर्ने, सम्बन्धित आदिवासी जनजाति र स्थानीय जनसमुदायको पूर्व सूसुचित स्वीकृतिको आधारमा मात्र कार्यान्वयन हुने अधिकारलाई सुनिश्चित गरिने छ ।

**१५. बस्तीविकास र शहरीकरण सम्बन्धी नीति**

क. नेपाली जनतालाई आधुनिक र दीर्घकालीन ढंगले सहज जीवन यापनको व्यवस्था गर्नको लागि एकीकृत बस्ती विकासको योजना तयगरी कार्यान्वयन गरिनेछ ।

ख. अहिले भैरहेको अव्यवस्थित शहरीकरणलाई नियन्त्रण र रोकथाम गरिनेछ ।

ग. वर्तमान अवस्थामा भैरहेको जथाभावी घरघडेरी (प्लटिङ्ग) गर्ने कार्यलाई रोकिने छ ।

घ. खेतीयोग्य र कृषि उत्पादन हुने स्थानमा बस्ती निर्माण गर्ने र शहरीकरण बढाउने कार्यमा प्रतिबन्ध लगाइने छ ।

ङ. शहरी र ग्रामिण क्षेत्रमा भवन निर्माण सम्बन्धी आचार संहिता तय गरि लागु गरिनेछ ।

**१६. संचार र यातायात सम्बन्धी नीतिः**

क. नागरिकलाई सबै प्रकारका आधुनिक संचार साधनको पहुँचमा रहन पाउने अधिकारको सुनिश्चितता गरिनेछ ।

ख. वाक तथा प्रकाशन स्वतन्त्रताको प्रत्याभूति गरिनेछ ।

ग. देशका सबै क्षेत्र र स्थानलाई जोड्नका लागि योजनाबद्ध ढंगले सडक तथा यातायात संजालको ठोस योजना बनाई कार्यान्वयन गरिनेछ ।

**१७. भाषा, धर्म र संस्कृति सम्बन्धी नीतिः**

क. सबै भाषाभाषीलाई समान अवसर र सुविधा प्रदान गरी माध्यमिक तह सम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था गरिनेछ ।

ख. सबैलाई आ-आफ्नो धर्म, संस्कृतिको संरक्षण र संवर्धन गर्न पाउने अधिकारको सुनिश्चितता गरिने छ ।

ग. धर्मनिरपेक्षताको सिद्धान्तलाई कायम राखी धार्मिक र सांस्कृतिक सम्मान एवं सद्भावको प्रवर्धन गर्ने स्वतन्त्रताको प्रत्याभूति गरिने छ ।

घ. नेपालमा बोलिने सबै भाषालाई राष्ट्रिय भाषाको मान्यता प्रदान गरिने छ ।

ङ. सरकारी कामकाजका लागि बहुभाषिक नीति अवलम्बन गरिने छ ।

**१८. सहिद, वेपत्ता योद्धा परिवार सम्बन्धी नीति**

क. सहिदहरूको उच्च सम्मान र उच्च मूल्याङ्कनको व्यवस्था गरिनेछ । त्यसको निम्ति ठोस योजना बनाएर लागु गरिनेछ ।

ख. सहिद परिवारलाई एकमुष्ठ राहत रकम उपलब्ध गराइने छ ।

ग. सहिद परिवारका न्यनतम एकजनालाई अनिवार्य रोजगारी उपलब्ध गराइने छ ।

घ. सहिद परिवारलाई अन्य संरक्षण पनि प्रदान गरिने छ ।

ङ. वेपत्ता योद्धाहरूको स्थिति सार्वजनिक गर्न तुरुन्त कदम चालिनेछ ।

च. दोषी पत्ता लगाई कारवाही गरिनेछ ।

छ. वेपत्ता योद्धा परिवारलाई राहत उपलब्ध गराइने छ ।

**१९. घाइते योद्धा सम्बन्धी नीतिः**

क. घाइते योद्धाहरूलाई निःशुल्क उपचारको व्यवस्था गरिनेछ ।

ख. उनीहरूलाई क्षतिपूर्ति र राहतको व्यवस्था गरिनेछ ।

ग. उनीहरूलाई समाजका हेक क्षेत्रमा समानुपातिक अधिकारको सुनिश्चित गर्दै त्यसलाई लागु गरिनेछ ।

**२०. अपहरित लडाकु सम्बन्धी नीतिः**

क. संयुक्त राष्ट्र संघको अनमिनले 'मापदण्ड नपुगेका' भनेर अवकास दिइएका पूर्व जनमुक्ति सेनाका लडाकुहरूलाई ' अयोग्य लडाकु' भनेर अपमानित गरिने कुरालाई खारेज गरिनेछ ।

ख. जनमुक्ति सेनामा कार्यरत रहँदाको भूमिकाका आधारमा उनीहरूलाई पनि पूर्व जनमुक्ति सेनाले पाएका सबै सुविधा उपलब्ध गराइनेछ ।

**२१. मजदुर र किसान वर्गसंबन्धी नीतिः**

क. मजदुर तथा किसान वर्गका अधिकार प्राप्ति सुनिश्चित गरिनेछ ।

ख. मजदुर र किसान वर्गका लागि राज्यका अंगहरूमा समानुपातिक प्रतिनिधित्व सहितको अधिकारहरूको प्राप्ति सुनिश्चित गरिनेछ ।

ग. मजदुर वर्गलाई लक्षित गरि लागु गरिएको 'काम नगरे ज्याला नपाउने - नो वर्क नो पे' र 'हायर एण्ड फायर' को नीतिलाई खारेज गरिनेछ ।

घ. बाल श्रमलाई अपराध घोषणा गरी दण्डित गरिनेछ ।

ङ. औद्योगिक तथा व्यापारिक क्षेत्रका मजदुरहरूका लागि ४० घण्टाको कार्य सप्ताहको व्यवस्था गरिनेछ ।

च. भेदभाव र अन्यायपुर्ण कथित श्रम ऐनलाई खारेज गर्नुपर्छ । यसको सट्टा वैज्ञानिक र न्यायपुर्ण श्रम ऐन निर्माण गरिनेछ ।

छ. किसानहरूले उत्पादन गरेको कृषि उपजको उचित मूल्य तोकी बजारको व्यवस्था गरिनेछ ।

ज. कृषि मजदुरहरूका लागि ८ घण्टाको कार्य टिप्स र उचित पारिश्रमिक (ज्याला) को व्यवस्था गरिनेछ ।

झ. गरिब किसानहरूको नाममा रहेको कृषि ऋण मिनाह गरिनेछ ।

ञ. सामन्त, दलाल तथा नोकरशाही पूँजीपतिहरूको जमिन जफत गरी भूमिहीनहरूलाई वितरण गरि वैज्ञानिक भू-उपयोगको नीति कार्यान्वयन गरि कडाइपूर्वक लागु गरिने छ र ठेकेदारी, करार र ज्यालादारीको खारेजी गरिनेछ ।

**२२. अशक्त, अपाङ, अल्पसंख्यक, सीमान्तकृत समुदाय र दुर्गम क्षेत्रको अधिकार सम्बन्धी नीतिः**

क. उत्पीडित, सीमान्तकृत जाति क्षेत्र र समुदायको पहिचानका आधारमा संघीयताको व्यवस्था गरिने छ र सबै प्रदेश एवं स्थानीय निकायमा स्वायत्तता र स्वशासनको व्यवस्था गरिनेछ ।

ख. हलिया, कमैया र कमलरी प्रथाको व्यवहारतः अन्त्य गरि उनीहरूको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्था गरिनेछ ।

ग. अल्पसंख्यक सीमान्तकृत र दुर्गम क्षेत्रका जनसमुदायको सर्वाङ्गीण विकास र हितका लागि विशेष योजना तथा कार्यक्रम बनाएर कार्यान्वयन गरिनेछ ।

घ. अशक्त-अपाङ्गहरूलाई समाजमा सम्मानजनक ढंगले काम गर्न र बाँच्न पाउने वातावरण सृजना गरिनेछ र उनीहरूको हितको संरक्षण गरिनेछ ।

ङ. मुस्लिम समुदाय प्रतिको भेदभावको अन्त्य गरिने छ र उनीहरूको अधिकारको संरक्षण गरिनेछ ।

**२३. दलित, महिला, आदिवासी जनजाति, मधेशी समुदाय सम्बन्धी नीतिः**

क. महिला माथि हुने सबै प्रकारका विभेदको अन्त्य गरिनेछ ।

ख. छोरीलाई छोरा सरह पैत्रिक सम्पत्ति माथिको हक व्यवहारतः लागु गरिनेछ ।

ग. राज्यका सबै अंगहरूमा दलित, महिला, आदिवासी जनजाति र मधेशी समुदायको समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था लागु गरिनेछ ।

घ. दलित माथि हुने भेदभाव र छुवाछुतलाई गैरकानुनी घोषणा गरी छुवाछुतलाई व्यवहारतः अन्त गर्न कडा कारवाहीको व्यवस्था गरिनेछ ।

ङ. राज्यका तर्फबाट मधेशी समुदाय माथि हुँदै आएको भेदभावलाई अन्त्य गरिनेछ ।

च. आदिवासी जनजाति र दलितहरूका हक अधिकार संबन्धी नेपाल पक्ष रहेका अर्न्तराष्ट्रिय अभिसन्धिहरूलाई कानुन बनाई कार्यान्वयन गरिनेछ ।

छ. आदिवासी जनजाति र स्थानीय जनसमुदायको जल, जमिन र जंगल माथिको अग्राधिकारलाई सुनिश्चित गरिनेछ ।

**२४. बालबालिका र सामाजिक सुरक्षा सबन्धी नीतिः**

क. बाल अधिकारको प्रत्याभूति गरिने छ र बालश्रम शोषणलाई निषेध गरिनेछ ।

ख. बाल अधिकार सँग सम्बन्धित नेपाल पक्ष रहेका अर्न्तराष्ट्रिय अभिसन्धिहरूको कार्यान्वयन गरिनेछ ।

ग. एकल महिला तथा जेष्ठ (बृद्ध) नागरिकको विशेष निक्षेपको व्यवस्था गरिनेछ ।

**२५. नागरिकता सम्बन्धी नीतिः**

क. नागरिकतालाई राज्यको विशेषाधिकार अन्तर्गत राखिनेछ ।

ख. गलत ढंगले प्राप्त गरेको गैर नेपालीहरूको नेपाली नागरिकता खारेज गरिनेछ ।

ग. नागरिकताबाट बञ्चित भएका नेपाली नागरिकहरूलाई नागरिकताको सुनिश्चितता गरिनेछ ।

**२६. प्राकृतिक स्रोत साधन सम्बन्धी नीतिः**

हाम्रो देश प्राकृतिक स्रोत र साधनमा सम्पन्न छ । तर, राष्ट्रको विकास र समृद्धिको निमित्त यसको उपभोग गर्नुको सट्टा आजसम्मका शासकहरूले यिनलाई विदेशीको हातमा सुम्पेर तिनीहरूकै दलाली गर्ने काम गरे । यसबारे स्पष्ट नीति निर्माण गरी देशका समग्र स्रोत, साधनहरूलाई विदेशीको हातबाट मुक्तगरी देशको समग्र विकासको निमित्त उपयोग गरिने छ ।

**२७. रोजगारी सम्बन्धी नीतिः**

नेपालमा बेरोजगारीको समस्या विकराल बनेको छ । देशको विकास गर्ने उर्जाशील श्रमशक्ति तीव्ररूपमा पलायन हुन बाध्य छन् । लगभग जनसंख्याको एक तिहाई जनशक्तिले विदेशमा कठोर जीवन बिताइरहेका छन् । देशका बेरोजगार युवायुवतीहरूलाई रोजगारीको सुनिश्चितता गरी उक्त उर्जाशिल श्रमशक्तिलाई उत्पादन र विकासमा लगाउने योजना बनाई कार्यान्वयन गरिनेछ ।

**२८. जनमुखी एवं जनहितैषी राजनीति र राज्यव्यवस्था सम्बन्धी नीतिः**

अहिले सम्म कायम हुँदै आएका राजनीतिक परिपाटी र राज्य व्यवस्थाले देशको राष्ट्रियता, सार्वभौमिकता र स्वाधीनताको हित विरुद्ध काम गर्दै आएका छन् । ती व्यवस्था अन्तर्गत राज्य संचालनको केन्द्रमा पुगेका तत्वहरूले राष्ट्रघात, जनघात, भ्रष्टाचार, नातावाद र कृपावादलाई आफ्नो कामको मूलमन्त्र बनाउँदै आएका छन् । एक वाक्यमा भन्नु पर्दा उनीहरूले राष्ट्रविरोधी, जनविरोधी र जनविद्वेषी कार्य गर्दै आएका छन् । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले त्यसप्रकारका सबै खाले तत्वहरूका विरुद्ध सशक्त भण्डाफोर एवं संघर्षको नीति अपनाउने छ र राज्य व्यवस्थालाई जनमुखी र जनहितैषि दिशामा अगाडि बढाउने छ ।

**आदरणीय जनसमुदाय,**

**अन्तिम उद्देश्य र लक्ष्यः** अहिले नेपालमा कायम भएको गणतन्त्रात्मक व्यवस्था भनेको विकृत पूँजीवादी गणतन्त्र हो । निरंकुश सामन्ती राजतन्त्रको तुलनामा यो व्यवस्था मात्रात्मकरूपले प्रगतिशील नै हो । तर पनि देशमा अहिले प्रतिकृयावादी संसदवादी तत्वहरूको अधिनायकत्व र हालीमुहाली चलिरहेको छ । त्यसैले यसप्रकारको पूँजीवादी गणतन्त्रात्मक व्यवस्था कायम भएपछि पनि नेपाली समाजको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थामा आधारभूतरूपले तात्विक परिवर्तन एवं फेरबदल भएको छैन । अहिले पनि देशको आर्थिक-सामाजिक अवस्था अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक तथा नव औपनिवेशिक अवस्थाबाट गुज्रदैं गएको छ । त्यसमाथि नवऔपनिवेशिक अवस्था प्रचुररूपमा हावी हुँदै गएको छ । राज्यको केन्द्रीय सत्ता-दलाल, नोकरशाह र सामन्त वर्गकै कब्जामा रहेको छ । उनीहरूले आफ्नो स्वार्थ पूरा गर्न र सत्ता टिकाउन साम्राज्यवाद र एकाधिकार पूँजीवादद्धारा संरक्षित र निर्देशित नवउदारवादी नीतिलाई शिरोधार्य गरी अवलम्बन गरेका छन् । देशको सार्वभौमिकता र स्वाधीनतालाई तिलाञ्जली दिँदै आएका छन् ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल देशमा विद्यमान रहेका अन्य प्रगतिगामी, प्रतिकृयावादी र संसदवादी तत्वहरूले जस्तो जनताका आँखामा फोस्रा नाराहरूको छारो हाल्ने पार्टी होइन । यस घोषणा-पत्रमा देश र जनताका बृहत्तर हितका पक्षमा उल्लेख गरिएका नीति तथा कार्यक्रमहरू वर्तमान राज्य-व्यवस्था अन्तर्गत हुने आवधिक निर्वाचनहरूलाई उपयोग गरेर वा जित हासिल गरेर मात्र परिपूर्ति गराउन सकिदैन र सम्भव पनि छैन । त्यसकारण हाम्रो धारणा भनेको काल मार्क्सले भने जस्तै 'लोकतान्त्रिक' बुर्जुवाहरूले बढीमा केही मागहरू पूरा भयो भने क्रान्तिलाई समापन गर्न चाहन्छन् । हाम्रो चाहनाका साथै अन्तिम उद्देश्य र लक्ष्य भनेको क्रान्तिलाई स्थायी बनाउनु हो ।

उपरोक्त कारणले गर्दा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले वर्तमान विकृत पूँजीवादी गणतन्त्रात्मक राज्य-व्यवस्थामा जनगणतन्त्रात्मक राज्य-व्यवस्था स्थापना गर्नु पर्ने अपरिहार्य आवश्यकता ठान्दछ । त्यसैले अहिले हुन गैरहेको प्रतिनिधि सभा र प्रदेश सभाका निर्वाचनलाई जनगणतन्त्र स्थापना गर्ने दिशामा संघर्षको माध्यम र मञ्चका रूपमा उपयोग गर्न गैरहेको स्पष्ट पार्न चाहन्छौं ।

अन्त्यमा देशका सम्पूर्ण देशभक्त, प्रगतिशील, जनतान्त्रिक, अग्रगामी परिवर्तनकामी र न्यायप्रेमी जनसमुदायहरू समक्ष हाम्रो पार्टीका प्रत्यक्ष एवं समानुपातिक तर्फबाट उम्मेदवारहरूलाई चुनाव चिन्ह मुठ्ठीमा मतदान गरी अत्यधिक मतले विजयी गराउन हामी हार्दिक अनुरोध र आव्हान गर्दछौं ।

**नाराहरूः**

१. प्रतिक्रियावादी र अवसरवादी तत्वहरूको - भण्डाफोर गरौं !
देशभक्त जनगणतान्त्रिक मोर्चाका उम्मेदवारलाई - विजयी गराऔं !!

२. प्रतिनिधि सभा र प्रदेशसभा निर्वाचनको क्रान्तिकारी - उपयोग गरौं !
देजमोका उम्मेदवारहरूलाई अत्यधिक मतले - विजयी गराऔं ! !

३. जनपक्षीय, न्यायपूर्ण र भ्रष्टाचारमुक्त समाजको - निर्माण गरौं !
राष्ट्रघाती, जनघाती र भ्रष्टाचारी तत्वहरूको - भण्डाफोर गरौं ! !

४. प्रतिगामी, प्रतिकृयावादी र संसदवादी तत्वहरूको - भण्डाफोर गरौं !

५. स्थानीय तहमा विशेष, स्वायत्त र संरक्षित क्षेत्रहरूको सिमांकन - तुरुन्त गर !

६. दक्षिणपंथी संशोधनवाद - मुर्दावाद !

७. साम्राज्यवाद, विस्तारवाद - मुर्दावाद !

८. वीर सहिदहरू - अमर रहुन !

९. 'मुठ्ठी' चिन्हमा मतदान गरौं !
देजमोलाई अत्यधिक मतले जिताऔं ! !

१०.देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल - जिन्दावाद !


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# संसदीय व्यवस्था जनताको व्यवस्था हुन सक्दैन



● प्रेम सुवेदी

आगामी मंसिर १० र २१ गते हुन गईरहेको प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनले देशको राजनैतिक पारो जति तात्दै गएको छ, त्यसले दुरगामी रूपमा पार्ने सकारात्मक तथा नकरात्मक प्रभावप्रति आ-आफ्नै प्रकारका व्याख्या विश्लेषण शुरु भएका छन् । एकथरी मानिसहरू यो निर्वाचनले देशको कायापलट गर्ने चर्चासहित निर्वाचनमा होमिएका छन्, भने आम जनताले यो निर्वाचनलाई संसदीय पार्टीको सत्ता प्राप्ति तथा नियमित प्रक्रियाको अर्थमा अर्थ्याइरहेका छन् । जे होस, यो निर्वाचनले सबै राजनैतिक पार्टी तथा संगठनहरूलाई प्रभाव पारेको कुरा सत्य हो । संसदीय व्यवस्थाभित्रको संकटलाई टार्न नसके पनि एकछिनका लागि आत्मसन्तुष्टी भने अवस्य दिन सक्दछ । निर्वाचनले समाजको अग्रगामी परिवर्तनका लागि खासै भूमिका खेल्न नसके पनि यो यतिवेलाको एउटा महत्वपूर्ण परिघटना अवश्य हो ।

यतिवेला संसदवादी पार्टीहरूले संसदीय व्यवस्थालाई जसरी अजम्बरी बताउँदै त्यसको पक्षमा वकालत गरेका छन् । तर, यसको पश्चगामी चरित्रका कारणले दिनदिनै यो व्यवस्था संकटमा धकेलिँदै गएको छ । सामन्यतः सामन्तवादी समाजमा निरंकुशतन्त्रका विरुद्धको संघर्षमा संसदीय व्यवस्थाको जुन प्रगतिशिल चरित्र थियो, अब त्यो चरित्र पनि बाँकी नरहेको र मूलतः साम्राज्यवाद विशेष गरेर नवऔपनिवेशिक शोषण र उत्पीडनको माध्यम बनिरहेको पृष्टभूमिमा त्यसका विरुद्धको संघर्ष नै आजको केन्द्रीय विषय हो । संसदीय व्यवस्थाको प्रतिकृयावादी चरित्रलाई आम जनताका बीचमा प्रष्ट गर्न र जनताको संघर्षलाई संगठित गर्न तात्कालीन रूपमा निर्वाचनको उपयोगद्वारा यो व्यवस्थाको भण्डाफोर गर्न र जनतालाई संगठित गर्न तुलनात्मक हिसावले उपलब्धी हुने कुरालाई ध्यान दिएर नै यो निर्वानमा उपयोग गर्ने नीति अबलम्बन गरिएको हो । जहाँसम्म क्रान्तिकारी कम्युनिस्टहरूका लागि संसदीय व्यवस्थाभित्रको निर्वाचन नितान्त कार्यनैतिक प्रश्न हो । यसलाई उपयोग वा बहिस्कार जे गर्दा पनि विद्यमान प्रतिकृयावादी राज्यसत्ताका विरुद्धको संघर्ष र नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवादको आधार निर्माण गर्ने कुरा मुख्य विषय हो । तसर्थ, विद्यमान प्रतिकृयावादी व्यवस्थामा हुने सामन्य सुधार वा लोकप्रियतालाई आधार बनाउने उद्देयद्वारा निर्वाचन सम्बन्धी दृष्टिकोण बनाउनु सारमा दक्षिणपन्थी अवसरवाद नै हो । जसरी संसदवादी पार्टीहरूले यो निर्वाचनलाई जीवनमरणको अर्थमा लिएका छन्, त्यहि अर्थमा क्रान्तिकारीहरूले चुनावलाई हेर्नु गलत हुन्छ ।

निर्वाचनले समाजको आधारभूत अन्तरविरोधलाई हल गर्ने र अग्रगामी दिशामा लैजाने होइन, बरु यो निर्वाचनमा ती अन्तरविरोधहरू सतहमा प्रकट हुनेछन् र ती अन्तरविरोधलाई क्रान्तिको पक्षमा उपयोग गर्न तथा नयाँ जनवादी क्रान्तिको आधार तयार गर्न कम्युनिस्ट क्रान्तिकारीहरूले बढी ध्यान दिनु पर्दछ । संसदीय निर्वाचनको माध्यमबाट समाजवादको सपना बाँड्ने संशोधनवादीहरू तथा संसदीय व्यवस्थालाई नै सर्वोपरि ठान्ने यथास्थितिवादीहरू र यो व्यवस्था विरुद्ध संघर्ष गर्ने उद्देश्यद्वारा निर्वाचनमा सहभागी हुने शक्तिहरूका बीच मौलिक अन्तर छ । यो अन्तरलाई सही अर्थमा बुझ्न नसक्नेहरूले सामन्य रूपमा चुनावमा उपयोग वा बहिस्कारको नीतिलाई पनि रणनैतिक अर्थमा लिने गरेको पाइन्छ, त्यो मालेमावादी चिन्तन होइन । कम्युनिस्ट आन्दोलनले संसदीय चुनावप्रति सही दृष्टिकोण नअपनाउँदा कैयौं पार्टी तथा संगठनहरू संसोधनवादी धारमा गएको र विसर्जन भएका थुप्रै घटनाहरू हाम्रा अगाडि छन् । ती नकरात्मक पक्षलाई हेर्दै क्रान्तिकारी उद्देश्यलाई केन्द्रविन्दुमा राखेर चुनाव सम्बन्धी आफ्ना नीति निश्चित गर्नु हाम्रो दायित्व हो ।

अहिले हुन गइरहेको प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनद्वारा देशको राजनैतिक स्थायित्व विकास र समृद्धिको जुन हल्ला संसदवादी पार्टीहरूले गरेका छन्, त्यो कुरामा सत्यता छैन । जुन राजनैतिक पार्टीहरूले देशको स्वाभिमान र स्वाधीनतालाई भन्दा विदेशी शक्तिहरूको आडभरोसामा आफ्ना नीतिलाई निश्चित गर्दछन्, ती शक्तिले देशको विकास सम्बृद्धिको कुरा गर्नु आफैमा हाँस्यास्पद् विषय मात्र हो । देशको विकासमा अवरोध गर्दै आफ्नो कर्पोरेट पुँजीको विस्तारका लागि साम्राज्यवादले एकपछि अर्को समस्या थप्दै आएका तथ्यहरूप्रति नतमस्तक हुँदै ती योजना कार्यान्वयन गर्ने दलालहरूले देशको सम्वृद्धि र विकासको कुरा गर्नु निरर्थक तर्कहरू नै हुन् । आज नेपाली समाजको विकासको अवरोध साम्राज्यवादी नवऔपनिवेशिक शोषण तथा दलाल नोकरशाही पूँजीवाद र सामन्तवादी उत्पादन प्रणाली नै मुख्य बाधक बनेको पृष्ठभूमिमा त्यसको विरुद्धको संघर्ष नै अहिले मुख्य विषय हो । जबसम्म साम्राज्यवाद र सामन्तवादको शोषणका आधारहरू समाप्त हुँदैनन्, तबसम्म देश साँचो अर्थमा स्वाधीन, स्वाभिमान र आत्मनिर्भर बन्न सक्दैनन् । तसर्थ, नेपाली जनताले उपरोक्त प्रकारका शोषण दमनका विरुद्ध मुख्य प्रहार गर्दै राष्ट्रिय स्वाधीनता स्वाभिमान र सम्वृद्धिको लागि संघर्ष गर्नु नै सही नीति हुन्छ । र, यो निर्वाचनमा मूलतः ती विषयलाई आफ्ना एजेण्डा बनाउनु पर्दछ । समग्रमा देशको विकासलाई अवरोध गर्ने साम्राज्यवादी उत्पीडन र दलाल नोकरशाही पूँजीपति वर्ग तथा सामन्तवादी उत्पादन प्रणालीलाई अन्त्य गर्ने उद्देश्यलाई केन्द्रमा राखेर संघर्ष गर्ने उद्देश्यसहित जनतामा जानु आजको आवश्यकता हो ।

आसन्न निर्वाचनको सफलतालाई मापन गर्ने आधार निर्वाचनमा कति सिट प्राप्त हुन्छ वा हुँदैन भन्ने कुरालई होइन, देशको स्वाभिमान र स्वाधीनताको पक्षमा कति जनचेतना र संघर्ष उठाउन सकिन्छ भन्ने आधारमा हुनेछ । त्यसैले हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले यो निर्वाचनमा मुख्यतः प्रतिकृयावादी संसदीय व्यवस्थाको भण्डाफोर गर्दै राष्ट्रिय स्वाधीनता जनजीविका र जनतन्त्रको पक्षमा संघर्ष गर्ने उद्देश्यसहित निर्वाचनको उपयोग गर्ने नीति बनाएको छ । उपरोक्त नीतिलाई कार्यान्वयन गर्न देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारलाई समर्थन गर्दै सबै देशभक्त जनतान्त्रिक तथा प्रगतिशिल जनसमुदायलाई देजमोका उम्मेदवारलाई सहयोग र सर्मथन गर्न अपिल गरेको छ ।

संसदीय पार्टीहरूले यो व्यवस्थाका पक्षमा जति गुणगान गरे पनि यसको चरित्र प्रतिकृयावादी भएकोले त्यसको विरुद्धको संघर्ष हाम्रो प्रधान विषय हो । त्यो संघर्षलाई संगठित गर्न तथा देशमा बढ्दै गएको भ्रष्टाचार अनियमिता राष्ट्रघात र जनघातका विरुद्धमा जनतालाई सचेत र संगठित गर्ने उद्देश्यलाई ध्यान दिँदै निर्वाचनको उपयोगद्वारा ती मुद्दा जनताका बीचमा लगिनेछ । निर्वाचनलाई प्रभाव पार्न प्रतिकृयावादी तथा संसोधनवादीहरूले साम, दाम, दण्ड, भेद सबैको प्रयोग गरेर जनतालाई घेरावन्दीमा पार्ने जुन प्रयत्नहरू भएका छन्, त्यसका विरुद्ध संघर्ष गर्न कम चुनौतीपूर्ण छैन । ती सबै चुनौतिलाई सामना गर्दै अगाडि बढ्ने उद्देश्यसहित हामी यो निर्वाचनमा होमिएका छौं । निर्वाचनद्वारा समाजवादको सपना बाँड्नेहरू र संसदीय व्यवस्थालाई सर्वोपरि सत्य मान्नेहरूले जतिसुकै भ्रम सृजना गर्न खोजे पनि यो व्यवस्थाले उत्पीडित वर्ग समुदाय क्षेत्र र लिङ्गको अधिकार सुनिश्चित हुने छैनन् । सारमा भन्दा यो व्यवस्था मुठ्ठीभर दलाल, नोकरशाहहरू तथा साम्राज्यवादी शक्तिहरूको शोषणको निरन्तरता नै हो । जस्तो कुनै कुकाठलाई जति पटक कलमी गरे पनि दार (काठ) बन्न सक्दैन, त्यसै गरी संसदीय व्यवस्थालाई जति लिपीपोती गरे पनि त्यो जनताको व्यवस्था बन्न सक्दैन भन्ने यथार्थतालाई आम जनताका बीचमा लैजानु नै मुख्य कुरा हुनेछ ।

## 'वाम ध्रुवीकरण...

निर्माणको कार्यान्वयन गर्ने अवस्थामा छ । यसलाई निशस्त्र रूपमा रोक्न दिल्लीले हालसम्म जानीमानी आएको सोच र प्रयोगले धान्न नसक्ने निश्चित छ । तेस्रो कुरा, नेपाली जनमत विस्तावादी हस्तक्षेपको विरुद्धमा छ ।

दिल्ली अहिले रणनीतिक कदममा अलि केही अघि बढ्न थालेको देखिन्छ । ताकि यो कदमले सर्प पनि मरिहालोस् र लाठी पनि नभाँचियोस् । त्यो भनेको हाललाई नेपालमा दिल्लीले गर्ने माइक्रो म्यानेजमेन्ट अलि अप्रत्यक्ष जस्तो देखियोस् र चीन कम उत्तेजित होओस् । त्यसैको निस्कर्ष स्वरूप दिल्लीले आफ्ना विश्वासपात्र प्रचण्डको अगुवाइमा ' वाम ध्रुवीकरण'को कुटनीतिक जाल फ्याँकेको छ । यसको सार हो, नेपालमा आफ्नो वर्चश्व रहिराखोस् र चीनलाई सापेक्ष सन्तुलनमा ल्याउन सकियोस् । दिल्लीले नेपालको लिपु लेक संझौता गरेर चीनलाई इतिहासमा पहिलो पटक फसाउन सफल भएपछिको 'वाम ध्रुवीकरण'को नाममा ल्याइएको यो दोस्रो कुटनीतिक जाल हो । 'वाम ध्रुवीकरण'को आवरण दिएर मोदीले नेपालमा एकातिर बहुराष्ट्रिय शपिङ मल निर्माण गर्न चाहिरहेका छन्, जहाँ चिनियाँ र भारतीय सामरिक तथा रणनीतिक स्वार्थहरू त्यो सपिङ मलमा राजनीतिक मोलमोलाई गर्दै किनबेच गर्न सकियोस् । पैसा र प्रविधि प्रयोग गरेर मोदी यसलाई छायाँ साउथब्लकको रूपमा विकास गर्न चहन्छन् । तर चीन भने विना प्रतिक्रिया पर्ख र हेरको नीतिमा रहेको देखिन्छ ।

वामहरूको विजय भन्दै रमाएका मानिसहरूले मोदीद्वारा डिजाइन गरिएको यो ' ध्रुवीकरण'लाई प्रचण्डको करिश्मामयी कुटनीति भन्दै पनि हिंडेका छन् । प्रचण्ड आफैं पत्रपत्रिका र आन्तरिक प्रशिक्षणमा समेत् यो 'क्रमभङ्ग' र 'केन्द्रीय सत्ताकब्जा'को अन्तिम मौका भएको घोषणा गर्दै हिंडेका छन् । तर यथार्थमा भने 'कुटनीति'मा अभिव्यक्त उनको वैचारिक विचलन र राजनीतिक विसर्जनले दिल्लीको निर्देशनमा माओवादी केन्द्रलाई कहिले काङ्ग्रेस त कहिले एमाले बनाउन पुगेको जनताको नाङ्गो आँखाले देखिरहेको छ । प्रचण्डको 'चमत्कारिक' कुटनीतिलाई शायद अब कनै पनि बालकले भनिदिनु पर्दैन कि नवबादशाह (प्रचण्ड) नाङ्गै छन् भनेर । विदेशी शक्तिको चाकरी गर्नेहरूको पङ्क्तिमा नेपालको इतिहासमा जङ्गबहादुर पछि प्रचण्डले दोस्रो स्थान प्राप्त गर्न पुगेकोमा अब कुनै विवाद बाँकी रहन पुगेको छैन ।

भन्दिए पुग्ने ओलीको मौखिक राष्ट्रवाद अब सङ्कटमा पर्न गएको छ । प्रचण्ड र ओलीलाई राष्ट्रपति र प्रधानमन्त्रीबनाएर सत्ता भागबण्डा गरिदिने दिल्लीको आश्वासनमा हुन गएको 'वाम ध्रुवीकरण' सारतः राष्ट्र र जनविरोधी दक्षिणपन्थी ध्रुवीकरणको यात्रामा अघि बढिरहेको छ । यस बापत् यी दुवै 'हस्तीहरू' ले संविधान संशोधन गर्ने बाचा खाएका देखिन्छन् । प्रचण्डले त ओलीकै काँधमा संविधान संशोधनको मिसाइल राखेर पड्काई देखाउने भनी मोदीलाई बारम्बार आश्वासन दिइरहेका छन् । उता मोदीले भने नेपालको भूमिहुँदै बन्न गइरहेको चिनियाँ सिल्करोडले भारतको उत्तरी सीमा छुने भएकाले संविधान संशोधनपछि यसलाई रोक्न सकिने देखिरहेका छन् । हाल आआफ्ना अधिकारसहित सङ्घीय, प्रादेशिक तथा स्थानीय तहमा विभाजित नेपाली भूमिमध्ये तराईको भूमिले दिल्लीका लागि बढि रणनीतिक महत्व राख्ने कुराको हेक्का उनलाई बोध हुन गएको छ । निकट भविष्यमै यो कुटनीतिक चालभित्रको बाँदरको शिकार गर्न एमाले पनि अग्रसर बन्दै गएको छ ।

दिल्लीले ओली सरकारबाट प्रचण्डलाई निस्कन लगाई काङ्ग्रेसको बुई चढाएपछिको तीतो पाठ सिकेको छ । उसले सिकेको पहिलो पाठ भनेको काङ्ग्रेसलाई ह्विप लगाएर माओवादीलाई भोट हाल्न लगाउनु, तराइमधेशमा माओवादी केन्द्रले राम्रो भोट पाउनु, काङ्ग्रेससँग माओवादी गठजोड रहिरहने संभावना हुनु, मधेशी जनतामा कम्युनिष्टप्रतिको लगाब रहिरहनु, यसले गर्दा तराइमधेशमा प्रजातान्त्रिक पार्टीहरूको कमजोर उपस्थिति हुनु र एमालेलाई लखेटे पछिको अवस्थामा माओवादी केन्द्रले उक्त स्थान लिन पुग्नु आदि कुराहरू हुन् । दिल्ली यस्तो चाहँदैनथ्यो । तर ओली सरकार गिराएपछि सब ठीकठाक हुन्छ भन्ने एकाङ्गी र यान्त्रिक सोचको समीक्षामा पुगेको छ दिल्ली । हाल उसको ध्यान तराइको जनसङ्ख्या र भूभागमा आफ्नो पकड राख्नुपर्ने रणनीतिक चासोमा केन्द्रित हुन पुगेको छ । यो खाँचोलाई प्रचण्डको क्यारिरिष्ट चरित्र तथा सत्ताविना बाँच्नै नसक्ने एमालेको सत्तामोहले राम्रो सहयोग पुऱ्याउन लागेको देखिन्छ ।

उसले सिकेको दोस्रो पाठ भनेको नाम मात्रको माओवादी रहेको माओवादी केन्द्रको बचेखुचेको साख र वैचारिक अन्त्येष्टीका लागि एमालेकरण गिरदिनु । साथै, एमालेकरणपछि एमालेविरोधी बनेको मधेशी भावना प्रचण्डविरोधी बनाइदिनु र तराइमधेशलाई वामविरोधी बनाई चीनसँगको लसपस वा सम्बन्धबाट तराइमधेशी जनतालाई अलग गर्नु र तराइको भूगोल सिल्क रोडले छोइनुबाट टाढै राख्नु आदि रहेको खुल्न आउँछ । आश्चर्यको कुरा त के भएको छ भने साना वाम पार्टी भनिनेहरूलाई दिल्लीको यो कूटनीति चाल 'मर्ने बेलाको हरियो काँक्रो' बन्न पुगेको छ । एमालेलाई 'मामाको धन फुपूको श्राद्ध' बन्न पुगेको छ । माओवादी केन्द्रलाई 'घरै पिंडालु, वनै पिंडालु, माइत गए बाह्रहाते पिंडालु' जस्तो हुन पुगेको छ । तर दिल्लीको योजना भनेको तराइबाट वाम भनिनेहरूलाई ' क्लिन स्वीप' गर्नु नै रहेकोमा कुनै द्विविधा छैन ।

अन्त्यमा, अहिले नथाकेर भनिँदै गरेको 'वाम ध्रुवीकरण' यस अर्थमा आफैमा प्रायोजित भएकोमा कुनै शङ्का रहेन । माथि उल्लेख गरिएका तथ्य र तर्कहरूले मोदीको डिजाइनमा निर्माण हुँदै गरेको ' वाम ध्रुवीकरण' बहुराष्ट्रिय शपिङ मल नै भएको साबित गर्दछन् । निरन्तर आर्थिक मन्दी र तिर्न नसकिने विदेशी ऋणका कारणले शक्ति सञ्चयको फन्दामा परी संरक्षणवादी नीति अबलम्बन गर्न पुगेको अमेरिकाले पछिल्लो चरणमा आएर भारतलाई नेपाल जस्तो बफर स्टेटमा बहुराष्ट्रिय शपिङ मल स्थापना गर्नु उपयुक्त कदम भएको सुझाएको छ । साथै, बेलायत लगायत युरोपियन युनियन पनि त्यसैका पक्षमा देखिन्छन् । भारत अझै पनि बेलायतअन्तर्गत रहेका महारानी एलिजाबेथको नेतृत्वमा सञ्चालित कमन वेल्थ नेशनसमा पर्दछ । यी सबैको स्वार्थ सम्बोधन गर्ने 'वाम' 'प्रजातान्त्रिक' ध्रुवीकरण र त्यसमा पनि मूलतः 'वाम ध्रुवीकरण'लाई बहुराष्ट्रिय शपिङ मलको शिलान्याको रूपमा यी राष्ट्रहरूले लिएका छन् । रूपमा वाम तर सारमा गैर वामको वैचारिक नपुङ्शकता रहेकाले यो 'वाम ध्रुवीकरण'ले प्रायोजित राष्ट्रहरूको खुट्टा धोएर सेवा गर्ने देखिन्छ । यो प्रायोजित अखडा वा 'वाम ध्रुवीकरण'को शपिङ मलभित्र शक्ति राष्ट्रहरूका सामरिक तथा रणनीतिक स्वार्थहरूको राजनीतिक मोलमोलाइ गरी सापेक्षिक मूल्य निर्धारणसहित व्यापारिक कारोवार चलाइने कुरा पक्का छ ।*समाप्त*

## 'मुट्ठी'...

माकेका उम्मेदवारहरूले देजमोको उम्मेदवारीबाट चुनौतीको महसुस गरेका छन् । रोल्पा, गोरखा, नुवाकोट, मोरङ, दैलेख, प्यूठान, सिन्धुली, रामेछाप, तेहथुम, अछाम, कपिलवस्तु, दोलखा, चितवन, मकवानपुर, काठमाडौं-१० लगायतका ठाउँमा देजमोको उम्मेदवारी र उम्मेदवारहरूको प्रभावशाली व्यक्तित्वका कारण उनीहरूले चुनौतीको महसुस गरेको सम्बद्ध पक्षले जनाएको छ । क्रान्तिकारी माओवादी तथा देजमोको अस्तित्वमाथि नै धावा बोल्दै आएका संसदवादी दलहरूले अन्य दलहरूलाई निस्तेज पार्न ल्याएको निर्वाचन कानुन, थ्रेसहोल्ड तथा लादिएको सिण्डकेटलाई मुखतोड जवाफ दिँदै दिइएको उम्मेदवारीबाट संसदवादीहरू नै त्रसित भएका छन् । र, मुलुकमा क्रान्तिकारी शक्तिको पनि बलियो उपस्थिति छ भन्ने कुरा क्रान्तिकारी माओवादीको निर्वाचन उपयोगको नीतिले सन्देश प्रवाह गरेको छ ।

देजमोको समानुपातिक सूचिमा ओम गुरुङदेखि अम्बिका मुड्भरीसम्म

नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको समानुपातिक सूचिमा आदिवासी जनजाति नेता डा.ओम गुरुङदेखि महिला नेतृ अम्बिका मुड्भरीसम्मको नाम परेको छ । समानुपातिक सूचिमा देजमोका कार्यालय सदस्यहरू कमल चौधरी, नगेन्द्र राई, केशबहादुर परियारलगायतका नेताहरूको पनि नाम समेटिएको छ ।

देजमोले आदिवासी जनजाति नेताको रूपमा स्थापित नेता डा. ओम गुरुङलाई समानुपातिक सूचिको पहिलो नम्बरमा राखेको छ भने कान्छाराम तामाङलाई दोस्रो र भक्तराज थापा'अपील'लाई तेस्रो नम्बरमा राखेको छ । प्रतिनिधिसभा तर्फ ११० जना र प्रदेशसभा तर्फ २२० जना गरी ३३० को नाम प्रस्तावित गर्नुपर्नेमा मोर्चाले प्रतिनिधिसभा तर्फ ११० जनाकै नाम सिफारिश गरेको छ भने प्रदेशसभाहरूको समेत गर्दा ३११ जनाको नाम समानुपातिकमा सिफारिश गरेको छ । प्राप्त विवरण अनुसार प्रत्यक्ष र समानुपातिक गरेर प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा देजमोले ५ सय २८ जना उम्मेदवार उठाएको छ ।

## वाम...

भन्ने चिज छैन । जसरी हुन्छ, देशलाई लूट, सुखभोग गर, विलास र आनन्द प्राप्त गर, भन्ने उपभोक्तावादी चरित्र पूर्ण हावी छ । देश र जनताको पीडा र वेदना, समस्या र जटिलता, अभाव र गरिबीसँग कुनै संवेदना छैन । विकास, प्रगति, समृद्धि, स्वीट्जरल्याण्ड, सिंगापुर, हङकङ बनाइदिने झुटा आश्वासन र भ्रमको खेती गर्न पनि दुवै माहिर छन् । यही सब समान प्रवृत्तिले उनीहरू नजिक भई जोल्टिन पुगेका हुन् । त्यो पनि चुनावको मुखैमा । यसमा उनीहरूको भित्री कारण मात्र छैन बाह्य शक्तिको भूमिका पनि कारण बनेर आएको छ । यिनीहरू दुवै बाहिरबाट निर्देशित र सञ्चालित छन् । प्रभुहरूका दासका रूपमा, साम्राज्यवादीका दलालका रूपमा, विदेशी शक्तिका नोकरका रूपमा परिचालित भएर नै जोल्टिन पुगेका हुन् । यसर्थ यिनीहरूको यो गठबन्धन सत्ताको निम्ति हो । स्वार्थको निम्ति हो र प्रतित्रिक्रियावादी हित्तचित्त मिल्नुको परिणाम हो । यो गठबन्धन अवसरवादी, स्वार्थी, लोभपाप केन्द्रित, गलत उद्देश्यले लक्षित गठबन्धन पनि हो । त्यसैले यो गठबन्धनको नियत ठीक छैन । गलत नियत र खराब अन्तर्यले अभिप्रेरित भएकोले नै यो बेठीक छ । यिनै दुयुखाले गठबन्धनले आ-आफ्नै चुनाव जित्ने, दुईतिहाइ ल्याउने, संविधान संशोधन गर्ने र चमत्कार गर्ने जस्ता भूटको खेती गर्दै आएका छन् । उनीहरूले फेरि सत्यमाथि पर्दाहाल्ने, भ्रम छर्ने, जनताका आँखामा छारो हालेर चुनाव जित्ने जाल फैलाएका छन् । वाम गठबन्धनको हौवा त्यही एउटा नाटक हो । स्वार्थ र पापबाट प्रेरित नाटक । संविधान जारी भएपछि सबै समस्या समाधान हुने उद्घोष गरे, देश झन् जटिलतामा फस्दै गयो । स्थानीय चुनावपछि सिंहदरबार गाउँगाउँ पुग्ने, समृद्धि, विकास, उन्नति, रोजगारी बढ्ने उद्घोष गरे, मुलुक झन्भन्दा झन् कठिन पीडाबाट गुज्रिहेछ । अहिले फेरि यी दुई चुनावबाट चमत्कार गर्ने गफ लडाइरहेका छन् यो पनि जनतालाई भ्रम पार्ने र छल गर्ने प्रपञ्च मात्रै हो । यिनका कुरामा विश्वास गऱ्यो भने देशको हविगत नारकीय बन्ने मात्रै हो । देशको दियालिया र टाटपल्टाइ मात्रै हो । पटकैपटक मुलुकमा असफल भएको र संसारैबाट विस्थापित भइरहेको संसदीय व्यवस्था, असफल सिद्ध बाजारु, खुला, नवउदारवादी अर्थतन्त्रलाई अँगालेर र निकृष्ट उपभोक्तावादी जीवन पद्धतिमा डुबेर उनीहरूले गफलाएका कुरामा विश्वास गर्नु आकाशको फल आँखातरी मर बाहेक केही होइन ।

तसर्थ, यिनका भूटका पुलिन्दा, भ्रमका पोका, बेइमानीका खाका आश्वासनै आश्वासनका घोषणापत्रमा विश्वास गरेर पुनः यिनै शक्तिलाई जनताले विश्वास गरे भने देशको विघटनलाई रोक्न सकिने छैन । कोशी, गण्डकी, महाकाली, कर्णाली, अरुणलगायत देशका मुख्य नदीनाला बेचेर दिल्लीसामु सधैं लम्पसार पर्ने धोकेबाजहरूले नक्कली राष्ट्रवादको नाराले मधेस टुक्र्याउने जमर्को गरेकै हुन् । देशका सीमा दिनदिनै मिचिंदा मौन सम्मति गरेर दिल्लीश्वरका पाउमा सत्ताको भिक माग्न जानेहरूले राष्ट्रवादको हौवा चलाउनु अनर्गल प्रलाप मात्र हो । विदेशी मालिकका इसारामा सत्ता चलाउने र सत्ता खाने प्रपञ्च गर्नेहरूले राष्ट्रवाद फलाक्नु पनि नक्कली जाल मात्रै हो । कपट र धूर्ततामा माहिरहरूले चुनावको बेला सधैं यस्तै फलाक्ने गरेका छन् र फलाकिरहन्छन् ताकि जनताको दिमाग भुट्न सकियोस् । चुनाव जित्न पाइयोस् र फेरि उही लूटको शासन चलिरहोस् । यसैले यिनका कुरा पत्याएर जनता झुक्किइरहने खेल बन्द हुन जरुरी छ । जनताले सधैं कुखुरा चोर स्यालका छट्टु कुरा पत्याइरहनु हुन्न भन्ने मेरो राय छ । यी दुवै गठबन्धनबाट देशको स्वाधीनता रक्षा भूअखण्डताको सुरक्षा, न्यायपूर्ण शासन र राष्ट्रको समृद्धिमा रूपान्तरण सम्भव छैन । दलाल पुँजीपति वर्गको हितमा काम गर्ने दलालहरूले चुनावको मुखमा विकास र समृद्धिको सपना बाँड्नु छल र प्रपञ्चबाहेक केही होइन । उनका घोषणापत्र भूटका पुलिन्दा हुन् भन्ने कुरा हरेक चुनावमा उनीहरूले बाँडेका सपनाहरू आजसम्म एउटा मात्रै पनि पूरा नभएका कुराले नै पुष्टि गर्छ । सानो मन्त्रिमण्डलको बाचा गरेकाले आज पाँच दर्जन बढी मन्त्रीहरूको नियुक्ति गरेकै सानो कुराबाट पनि त्यसको पुष्टि हुँदैन र ? चुनाव जितेपछि बाटो पखाल्ने र हरियाली नै हरियाली बनाउने सपना बाँडेकाहरूको प्रतिज्ञा अहिले देशका हरेक सडकको दुरावस्थाको स्थितिले पुष्टि गर्दैन र ? यसैकारण अब सचेत, विवेकशील, जागरुक जनताले बुझ्नुपर्छ यिनबाट न त देशको समृद्धि न राष्ट्रियताको रक्षा नै सम्भव छ । यी सबै पिपलपाते चरित्रका अवसरवादी, स्वार्थी, लोभीपापी, ढोंगी र पाखण्डी हुन् । यी धूर्त र बेइमानहरूले चुनावको बेला तपाई हाम्रा मस्तिष्क पोली खान रचेका भ्रमका पोका हुन् । यो बुझेर सही र इमान्दार उम्मेदवारलाई रोज्न जरुरी छ । देजमोका उमेदवारहरू देशभक्त छन्, स्वाभिमानी छन्, नैतिक र इमान्दार छन् । उनीहरूले आजसम्म देशविरुद्ध कुनै गतिविधि गरेका न त तथ्य छन्, न प्रमाण । देश र जनताको मुक्तिखातिर उनले आजसम्म खेलेको भूमिकाले त्यसको पुष्टि गर्छ । उनीहरूको राजनीतिक सिद्धान्त, चरित्र र विचार राष्ट्रप्रेम र स्वाभिमानले ओतप्रोत छ । उनीहरू न त भुटको खेती गर्छन् न पाखण्डी र चामत्कारिक कुरा नै गर्छन् । जे बोल्छन्, त्यसैमा दृढ रहन्छन् । भारतीय विस्तारवादविरुद्ध उनीहरूले सधैं आवाज उठाएका छन् । सीमा मिचिंदा, अतिक्रमण हुँदा, हस्तक्षेप हुँदा, विदेशीले निर्देशन र आदेश गर्दा सडकमा आवाज बुलन्द गर्दै आएका छन् । मधेस र तराईका समस्याबारे स्पष्ट दृष्टिकोण लिएका छन् । राष्ट्र बिखण्डनका विरुद्ध संघर्ष गरेका छन् । देशमा व्याप्त घुस, कमिशन, तस्करी, भ्रष्टाचार, ढिलासुस्ती, बेइमानी, अनैतिकता, जनउत्तरदायित्व विहीनता, गैरजिम्मेवारीविरुद्ध सधैं विद्रोह बोलेका छन् । देशलाई विकृति र विसंगतिको गर्तमा जाक्ने हर प्रपञ्चविरुद्ध सही विचार दिएका छन् । एउटा राजनीतिक 'इथिक'मा दृढतासाथ उभिएका छन् र देशको आमूल परिवर्तन र नयाँ जनवादी व्यवस्थाको पक्षमा अटल छन् । सही विचारले मात्र देशलाई सही दिशामा अघि लैजान सकिन्छ । झुटका सपना बाँड्नेहरूले, गलत विचार बोक्नेहरूले, विदेशीबाट सञ्चालितहरूले दलाल र दास संस्कार बोकेकाहरूले देशलाई सही बाटोमा लैजान सक्दैनन् र भड्खालोमा जाक्नेछन् । तसर्थ, ठीक समयमा ठीक निर्णय लिनु जनताको स्वतन्त्र मूल्य हो । आफ्नो स्वतन्त्रताको प्रयोग गरौं । एक गिलास रक्सी र एक थाल मासु भातमा भोट नबेचौं र २-४ कौडीको भाउ, तपाईको अभिमत होइन । २-४ कौडीमा भोट नबेचौं । सही, इमान्दार, नैतिक र चरित्रवान मान्छेलाई भोट हालौं । एकपटकको गल्तीले जीवनभर पछुताउनु हुन्न । देशभक्तहरूको मोर्चा, देजमोका उमेदवारलाई भोट हालौं । ताकि संसद्मा खबरदारी गर्ने मान्छेहरूको उपस्थिति होस् । देशलाई नयाँ युगतर्फ लैजाने बाटो प्रशस्त बनोस् । यथास्थितिका नारकीय पीडाबाट देश मुक्त गर्न सकियोस् र संसदीय व्यवस्था र नवउदारवादी असफल व्यवस्थाबाट देशलाई मुक्त गर्न सकियोस् ।

## एमाले...

माओवादीका केन्द्रीय सदस्य एवं जिल्ला ईन्चार्ज वसन्त बोगटीले बताउनुभयो । यसरी ध्रुवीकृत हुनेमा गोपी घलान, जीवन घर्ती, समिर थिङ, जनिल अधिकारी, मनोज राई, जगत, रामसिंह, राम थिङ, कुमार घलान, वीरबहादुर बम्जन, प्रकाश लो, सानुकान्छा दोङ, सुखा थिङ, मिलन घर्ती, विजय दोङ, राजु, सागर स्याङतान, सिता घिमिरे, मानबहादुर बुलोन, एकराज नेगी, विवेक लामा, दिपेश लामा, अशोक लामा र विजय लामा रहेका छन् ।

पार्टी इन्चार्ज बोगटी, पार्टी केस फुर्वालगायतका नेताहरूको मुख्य उपस्थितिमा भएको एक कार्यक्रमका बीच ती युवाहरू क्रान्तिकारी माओवादीमा ध्रुवीकृत भएका थिए । कार्यक्रमको अध्यक्षता पार्टीका जिल्ला सेक्रेटरी बादलले गर्नु भएको थियो भने संचालन सह-सेक्रेटरी सागरले गर्नु भएको थियो । क्रान्तिकारी माओवादीमा ध्रुवीकृत भएका युवाहरूको तर्फबाट गोपीलाल घलानले नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्न क्रान्तिकारी माओवादी पार्टीमा ध्रुवीकृत भएको धारणा राखेका थिए ।

यसैबीच, नेकपा (एमाले) दैलेखका जिल्ला कमिटि सदस्य र महुँवा गाउँ कमिटिकाका सह इन्चार्ज समेत रहनु भएका कर्णबहादुर शाही क्रान्तिकारी माओवादीमा प्रवेश गर्नुभएको छ । उहाँलाई पार्टीका तत्कालीन सेम इन्चार्ज तथा केस कृष्ण गुरुङ र केस तथा दैलेख पार्टी इन्चार्ज दिपक शाहीले पार्टीमा स्वागत गर्नुभयो ।

## नयाँ...

छ, "अक्टोबर क्रान्तिको शतवार्षिकी मनाउनु भनेको सर्वहारा वर्गले राज्यसत्ता प्राप्तिका लागि घरेलु प्रतिक्रियावाद र सामज्यवादविरुद्ध विजय प्राप्त गरेको सन्दर्भलाई सम्झिनु हो । अक्टोबर क्रान्ति इतिहास मात्र होइन, बर्तमान पनि हो । संशोधनवादको जगजगीको वर्तमान अवस्थामा लेनिन र अक्टोबर क्रान्तिको महत्व झन् बढेको छ ।

अक्टोबर क्रान्तिको कुरा गर्दा महान् लेनिनलाई मात्र नभएर र स्टालिन र माओलाई पनि सम्झिनुपर्ने हुन्छ । कतिपयहरू लेनिन र अक्टोबर क्रान्तिको कुरा गर्छन्, तर त्यो विराशतलाई अघि बढाउने स्टालिन र माओको विरोध गर्छन् । जो यसो गर्छन्, वास्तवमा ती क्रान्तिकारी नभएर संशोधनवादी हुन् ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'लेनिनले आरम्भ गरेको समाजवादलाई अघि बढाउन स्टालिनले खेलेको भूमिका र स्टालिनको मृत्युपछि रूसी नव-संशोधनवाद लगायत सबैखाले संशोधनवादका विरुद्ध सङ्घर्ष गर्दै समाजवादी निर्माण र मूल्यलाई अघि बढाउन माओ र चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिले खेलेको भूमिकालाई निषेध गरेर अक्टोबर क्रान्ति मनाउनुको कुनै अर्थ छैन । अक्टोबर क्रान्तिको महत्व र भूमिकालाई लेनिनसम्म मात्र सीमित गर्नु भनेको यसको भूमिकालाई खुम्च्याउनु र विश्वसमाजवादी निर्माण अभियानमा स्टालिन र माओको भूमिकालाई न्यूनीकरण गर्नु हो ।'

वक्तव्यको अन्त्यमा भनिएको छ, 'साम्राज्यवादी मुलुकहरूमा अक्टोबर क्रान्तिले देखाएको समाजवादको बाटोमा अघि बढौं !', 'विश्वभरि मार्क्सवाद-लेनिनवाद-माओवादमा आधारित कम्युनिस्ट पार्टी निर्माणको अभियानमा अघि बढौं !', 'अक्टोबर क्रान्तिको झण्डालाई अगाडि राखेर अन्तर ष्ट्रिय भेलाको आयोजना गरौं र नयाँ अन्तर ष्ट्रिय कम्युनिस्ट सङ्गठनको निर्माण गरौं' । जनमेल डटकममा समाचार छापिएको छ ।






प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।